# आदिवासी जनजातिको अधिकार र
# दिगो विकास कार्ययोजना, २०७९



## आदिवासी जनजाति आयोग
### पुल्चोक, ललितपुर

फोन नं. ०१-५५२४७८८

इमेलः inc.gov.np@gmail.com वेभसाइटः www.inc.gov.np

# विषय सूची

| परिच्छेद | विषय | पृष्ठ |
|---|---|---|
| परिच्छेद -१ | आदिवासी जनजातिको अधिकार र दिगो विकास कार्ययोजना :परिचय | १-५ |
| परिच्छेद -२ | आदिवासी जनजातिको अधिकार र दिगो विकास कार्ययोजना : विश्लेषण | ६-८ |
| परिच्छेद-३ | स्वायत्तता, स्व-शासन तथा स्व-व्यवस्थापन | ९-११ |
| परिच्छेद -४ | आदिवासी जनजातिको न्यायमा पहुँच, प्रथाजनित कानून र संस्थाको विकास | १२-१३ |
| परिच्छेद -५ | सहभागिता, प्रतिनिधित्व, परामर्श तथा स्वतन्त्र अग्रिम सुसूचित मन्जुरी | १४-१६ |
| परिच्छेद -६ | भूमि, भू-क्षेत्र तथा प्राकृतिक स्रोत साधन | १७-२२ |
| परिच्छेद -७ | परम्परागत पेशा र व्यवसाय | २३-२४ |
| परिच्छेद -८ | मर्यादित काम र रोजगारी | २५-२६ |
| परिच्छेद -९ | शिक्षा | २७-२९ |
| परिच्छेद -१० | पुर्नवास र विस्थापन | ३०-३२ |
| परिच्छेद -११ | स्वास्थ्य | ३३-३४ |
| परिच्छेद -१२ | सामाजिक सुरक्षा | ३५-३६ |
| परिच्छेद -१३ | अन्तरदेशीय सम्पर्क | ३७-३८ |
| परिच्छेद -१४ | आदिवासी जनजाति महिला, | ३९-४० |
| परिच्छेद -१५ | आदिवासी जनजाति बालबालिका | ४१-४२ |
| परिच्छेद -१६ | अपाङ्गता भएका आदिवासी जनजाति | ४३-४५ |
| परिच्छेद -१७ | कार्ययोजना कार्यान्वयन संयन्त्र | ४६-४८ |

## परिच्छेद-१
## आदिवासी जनजातिको अधिकार र दिगो विकास कार्ययोजना : परिचय

### १.१. पृष्ठभूमीः

तत्कालिन नेपाली समाजमा धर्म, पेशा र जातीय आधारमा भएको सामाजिक विभेदलाई वि.स. १९१० को मुलुकी ऐनले वैधानिकता दियो । उक्त ऐनमा तागाधारी, मतुवाली, पानी नचल्ने-छोइछिटो हाल्नु नपर्ने र पानी नचल्ने-छोइछिटो हाल्नु पर्ने गरी चार वर्णमा समाजलाई विभाजन गरिएको थियो । वि.सं.२००७ सालको राजनीतिक परिवर्तन पछि आदिवासी जनजाति समुदायका अगुवाले राज्यबाट भइरहेको विभेदको विरुद्धमा संगठन निर्माण गरी आवाज उठाउदै आएको कारण राजा महेन्द्रले वि.सं.२०२० भाद्र १ मा मुलुकी ऐन जारी गरी पुरानो मुलुकी ऐनलाई खारेज गरेपनि जातीय विभेद व्यवहारमा परिवर्तन भएन । वि.सं.२०४६ को राजनीतिक आन्दोलनमा आदिवासी जनजातिले राज्यद्वारा हुँदै आएको विभेदको अन्त्य गर्न राज्यका सबै क्षेत्र, तह र निकायमा समानुपातिक प्रतिनिधित्व र सम्मानजनक पहुँचका निम्ति संगठित रुपमा आवाज उठाए । नेपाल अधिराज्यको संविधान २०४७ ले आदिवासी जनजातिको मर्म र भावना विपरित हिन्दु अधिराज्यलाई यथावत राखी आदिवासी जनजातिलाई संवैधानिक रुपमै धार्मिक विभेद गर्यो । बहुदलीय व्यवस्थाको सिमित स्वतन्त्रताको उपयोग गरी आदिवासी जनजातिले आफ्नो भाषिक,धार्मिक तथा सामाजिक एवं सास्कृतिक संरक्षणको लागि जातीय संस्था मार्फत आफ्नो हक अधिकारको विषयमा आवाज उठाउन सुरु गरे । परिणामस्वरुप आदिवासी जनजातिका हक, हित, अधिकार र सशक्तीकरणका विषयलाई आठौं पञ्चबर्षीय योजनामा नीतिगत रुपमा समावेश गरियो ।

आदिवासी जनजातिका सरोकारका विषयमा वि.सं. २०५२ पुस ३० गते मन्त्रीस्तरको निर्णयबाट जनजाति उत्थान प्रतिष्ठान कार्यदल गठन भई राष्ट्रिय जनगणना, २०४८ मा उल्लेख भएका २६ जनजाति र उल्लेख नभएका ३५ गरी जम्मा ६१ जनजाति रहेको प्रतिवेदन सिफारिस गरे अनुसार वि.सं. २०५४ बैशाख २ गते सरकारले ६१ जनजातिको सूचीकरण गर्नुका साथै राष्ट्रिय जनजाति विकास समिति गठन आदेश, २०५४ जारी गरेको थियो । यसैको परिमार्जित रुपमा **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८** जारी भयो । उक्त सूचीकृत ६१ जनजाति मध्ये चिमतन्, ठिनतन् र स्यांगतनलाई मिलाएर तीनगाउँले थकाली नामाकरण तथा मनाडेलाई हटाएर याख्खा थप गरी जम्मा ५९ जाति अनुसूचीमा सुचीकृत गरियो । उक्त ऐनको दफा २(क) मा 'आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनु पर्छ' भनी आदिवासी जनजातिको परिभाषा गरियो ।

अन्तरिम संविधान २०६३ मा आदिवासी जनजातिको सामाजिक न्यायलाई सम्वोधन गरी संविधान सभा र राज्यका नीति निर्माण र कार्यान्वयनको निकायमा समानुपातिक समावेशीको अवधारणा ल्यायो र आदिवासी जनजातिको हक अधिकारलाई सुरक्षित गर्न र उनीहरुको भाषा, संस्कृति र ज्ञानको संरक्षण एवं सम्वर्द्धन गर्न संविधान सभाबाट निर्मित नेपालको संविधान २०७२ को धारा २६१ (१) मा आदिवासी जनजाति आयोगको व्यवस्था गरियो । सोही प्रावधान अनुसार आदिवासी जनजाति आयोग ऐन, २०७४ जारी भएको छ ।

राष्ट्रिय जनगणना, २०५८ ले नेपालमा बोलिने ९२ भन्दा बढी भाषा मध्ये ७० भन्दा बढी भाषाहरू आदिवासी जनजातिको उल्लेख गरेको छ भने राष्ट्रिय जनगणना, २०६८ ले १२३ भाषा पहिचान गरेको छ। जनगणना अनुसार आदिवासी जनजातिको कुल जनसंख्या ३५.८१५ प्रतिशत रहेको छ ।

### १.२. संवैधानिक व्यवस्था

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । संविधानको धारा ५१ को उपधारा (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति (८) मा आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने उल्लेख गरिएको छ । संविधानको धारा ५६(५) मा संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक आरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ भनी उल्लेख छ । धारा ८४(२) मा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ भनी उल्लेख गरिएको छ । अनुसूची ६ मा प्रदेशको अधिकारको सूची अन्तर्गत भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग तथा अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची अन्तर्गत भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास उल्लेख गरिएको छ ।

आदिवासी जनजाति समुदायको हक अधिकार संरक्षणको लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ र आदिवासी जनजाति आयोग ऐन, २०७४ व्यवस्था गरिएको छ । यसैगरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३, निर्वाचन आयोग ऐन, २०७३, स्थानीय निर्वाचन ऐन, २०७३, राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ हरुमा आदिवासी जनजाति समबन्धि केही व्यवस्था गरिएपनि राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ मा प्रत्येक प्रदेशबाट ८/८ जना सदस्य निर्वाचित हुँने भन्ने प्रावधानमा आदिवासी जनजातिको प्रतिनिधित्वको व्यवस्था छैन । राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५(१) च मा कम्तिमा २१ सदस्यीय केन्द्रीय समितिमा आदिवासी जनजातिको प्रतिनिधित्व बारे मौन छ। निर्वाचन ऐन, २०७३ मा स्पष्ट व्यवस्था नहुँदा दलबाट समानुपातिक रुपमा आदिवासी जनजातिको प्रतिनिधित्व हुन नसक्ने अवस्था छ। निर्वाचन ऐन, २०७३ मा अल्पसंख्यक भन्ने उल्लेख भए पनि आदिवासी जनजाति अल्पसंख्यक बारे मौन छ। जिल्ला समन्वय समितिमा महिला, दलित र अल्पसंख्यकलाई प्रतिनिधित्व गराउने भनिए पनि आदिवासी जनजातिको व्यवस्था नभएकोले अर्थपूर्ण प्रतिनिधित्वको लागि ऐन संशोधन आवश्यक छ ।

### १.३. नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता र घोषणा

- विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणसम्बन्धी महासन्धि (१९७२)
- अमूर्त सांस्कृतिक सम्पदाको सुरक्षासम्बन्धी महासन्धि (२००३)
- जैविक विविधता सम्बन्धी महासन्धि (१९९२)
- आदिवासीको अधिकार सम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (United Nations Declarations on the Rights of Indigenous Peoples-UNDRIP) सन् १३ सेप्टेम्बर २००७ मा संयुक्त राष्ट्रसंघको महासभामा सहमति जनाई पक्ष राष्ट्र बनेको छ ।
- अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९

### १.३. १ नेपालले अनुमोदन गरेका आदिवासी जनजाति सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिबद्धता र दायित्व

आदिवासी जनजातिका मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको प्रत्याभूतिका लागि अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ लाई विधिवत् रूपमा मिति २०६४ भाद्र ५ तदनुसार २२ अगस्ट २००७ मा नेपालको तत्कालीन व्यवस्थापिका संसद्ले अनुमोदन गऱ्यो । महासन्धि अनुमोदन गरिएको जानकारी दर्ता भएको ठीक एक वर्ष पुगेको मिति अर्थात् २९ भदौ २०६५ तदनुसार १४ सेप्टेम्बर २००८ देखि यो महासन्धि नेपालको कानूनका रूपमा लागू भएको छ । नेपालले आदिवासी जनजातिको अधिकार सम्वन्धी संयुक्त रास्ट्र संघीय घोषणापत्र (United Nations Declarations on the Rights of Indigenous Peoples-UNDRIP) सन् १३ सेप्टेम्बर २००७ मा संयुक्त राष्ट्र संघको महासभामा सहमति जनाई पक्ष राष्ट्र बनेको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ को धारा ३ र ३५ अनुसार महासन्धि कार्यान्वयन गर्दा यससँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय कानूनहरू खासगरी नेपाल पक्ष राष्ट्र बनेका "नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध-१९६६, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध-१९६६, सबै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धि-१९६९ र यसलाई अनुगमन समितिको सिफारिस नम्बर २३, जैविक विविधता सम्बन्धी महासन्धि- १९९२, आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणा-पत्र- २००७, विश्व सम्पदा महासन्धि १९७२ (१९७८ मा अनुमोदित), Intangible Cultural Heritage Convention 2003 (२०१० मा अनुमोदित), महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW), वेजिङ घोषणा १९९४" आदि समेतलाई दृष्टिगत गरी कार्यान्वयन गर्नुपर्छ ।

महासन्धिको पक्षराष्ट्र बनेपछि सरकार, सरकारी निकाय तथा आदिवासी जनजातिको सवालमा काम गर्ने सम्बन्धित सबै सङ्घ/संस्थाले महासन्धिका प्रावधानहरू आदिवासी जनजातिको सहभागिता, प्रतिनिधित्व, परामर्श र सहमतिमा लागू गर्नुपर्छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको विधानको धारा २२ अनुसार महासन्धिको प्रत्येक धाराहरूको कार्यान्वयनको प्रगति विवरण स्पष्ट देखाउने सूचकका साथ सङ्गठनका सुपरीवेक्षण प्रणालीका लागि प्रथम पटक एक बर्षमा, दोस्रोपटक दुई बर्ष र आवधिक प्रतिवेदन पाच बर्षमा बुझाउनुपर्ने हुन्छ । संयुक्त राष्ट्रसंघ अन्तर्गतको सन्धि संयन्त्र तथा बडापत्रमा आधारित संयन्त्रलाई समेत महासन्धिको प्रगतिको सूचना दिनु पर्ने नेपालको दायित्व सिर्जना भएको छ । महासन्धिका पक्ष राष्ट्रहरूले वैदेशिक सहायता प्राप्त गर्नका लागि महासन्धिका प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गरे वा नगरेको अवस्थामा निर्भर गर्दछ ।

नेपालको संविधानको धारा ५१(ख) (३) र २७९ बमोजिम राज्यपक्ष रहेका अन्तर्राष्ट्रिय कानूनहरु अनुमोदन पश्चात प्रभावकारी कार्यान्वयन गराउने संवैधानिक दायित्व रहेको छ । त्यस्तै नेपाल सन्धि ऐन, २०४७ को दफा (९) ले नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत् सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानूनसरह लागू हुने व्यवस्था गरेको छ ।

### १.३.२ महासन्धि सम्वन्धमा संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ५७ ले संघ, प्रदेश तथा स्थानीय तहको अधिकार क्षेत्र सम्वन्धमा व्यवस्था गरेको छ । यसको अलावा संघ, प्रदेश र स्थानीय तहको साझा सूचीको पनि व्यवस्था गरेको छ ।

**तालिका**

| क्र.स | महासन्धिको व्यवस्था | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|
| १ | स्वायत्तता, स्वःशासन तथा स्व-व्यवस्थापन | ➢ नेपाल सरकारले विशेष, संरक्षित र स्वायक्त क्षेत्र घोषणा गर्न सक्ने :<br>➢ एक जिल्ला वा सो भन्दा बढी,<br>➢ एक गाउँपालिका वा सो भन्दा बढी,<br>➢ गाउँपालिका वा नगरपालिका जोडेर,<br>➢ एक वडा वा बढी लाई जोडेर,<br>➢ (नेपालको संविधान, धारा ५६(५)) | विशेष, संरक्षित वा स्वायत्त क्षेत्र स्थापनाको लागि संघ तथा स्थानीय सरकारलाई परामर्श दिने | विशेष, संरक्षित वा स्वायत्त क्षेत्र स्थापना गर्ने (स्थानीय सरकार संचालन ऐन, २०७४ ,दफा ९९) |
| २ | आदिवासी जनजातिको न्यायमा पहुँच (प्रथाजनित कानून, संस्थाको प्रचलन ) | न्यायपालिका, अर्धन्यायिक निकाय, प्रशासनिक निकाय र न्याय सम्बन्धित निकायहरु | | ➢ न्यायिक समिति<br>➢ नेपालको संविधानको धारा २१७ र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ८ दफा ४६,४७,४८,४९ समेत |
| ३ | समावेशीता, सहभागिता/प्रतिनिधित्व, परामर्श | ➢ सरकारी सेवा, सरकारले राजनीतिक नियुक्ति गर्ने पदहरु, सेना, प्रहरी, अन्य न्यायिक तथा अर्धन्यायिक निकायहरु, संबैधानिक अंग र निकायहरु,<br>➢ निर्वाचित निकायहरु<br>➢ (नेपालको संविधानको धारा ४२,८४.२, १७६.३, २८३ ) | प्रदेश सरकारी सेवा | स्थानीय सेवा |
| ४ | शिक्षा, स्वास्थ्य, भाषा, संचार, संस्कृति, साँस्कृतिक सम्पदा | ➢ भाषा आयोग मार्फत भाषा संरक्षण, सम्वर्द्धन ।<br>➢ सांस्कृतिक सभ्यता र सम्पदाहरु संरक्षण तथा सम्बर्द्धन ।<br>➢ मातृभाषामा शिक्षा प्रवर्द्धन र बहुभाषिक शिक्षा ।<br>➢ परम्परागत/वैकल्पिक स्वास्थ्य सेवा (आम्ची लगायत) ।<br>➢ गुठी, भेजा, वडघर आदि ।<br>➢ (नेपालको संविधानको धारा २९० तथा अनुसूची अनुसार ) | ➢ संस्कृतिको संरक्षण र प्रबर्द्धनको लागि सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने ।<br>➢ गुठी ।<br>➢ उच्च शिक्षा (मातृभाषा सम्बन्धी) ।<br>➢ संग्रहालय<br>➢ स्वास्थ्य सेवा<br>➢ संचार(मातृभाषा कार्यक्रम) | ➢ संस्कृतिको संरक्षण र प्रबर्द्धनको लागि सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने<br>➢ भाषा संस्कृति ललितकलाको संरक्षण र विकास<br>➢ आधारभूत र माध्यमिक शिक्षा ( बहुभाषिक शिक्षा |

| | | | | |
|---|---|---|---|---|
| | | | ➢ भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग<br>➢ आम्ची(परम्परागत स्वास्थ्य सेवा)<br>➢ रेडियो,एफ.एम टेलीभिजन सञ्चालन<br>➢ (नेपालको संविधानको अनुसूची अनुसार ) | समेत)<br>सञ्चार (एफ. एम.) ।<br>➢ आधारभूत स्वास्थ्य ।<br>➢ भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास ।<br>➢ पुरातत्व, प्राचीन स्मारक, संग्रहालय<br>➢ (नेपालको संविधानको अनुसूची अनुसार ) |
| ५ | भूमि, भु-क्षेत्र तथा प्राकृतिक स्रोत साधन | जलस्रोत, जलविद्युत, खानी उत्खनन्, राष्ट्रिय निकुञ्ज, भू-उपयोग, | भूमि व्यवस्थापन, वन जंगल बातावरण | जलाधार, खानी र खनीज पर्दाथ, जैविक विविधता तथा वातावरण संरक्षण |
| ६ | आत्मनिर्णित विकास तथा दिगो विकास (स्रोतमा पहुँच) | ➢ अन्तराष्ट्रिय सन्धि वा सम्झौता<br>➢ जलस्रोत, जलविद्युत, खानी उत्खनन्, राष्ट्रिय निकुञ्ज, भू-उपयोग<br>➢ संघले गर्ने विकास<br>➢ प्राकृतिक स्रोत साधनको रोयल्टी र लाभांश बाँडफाट | ➢ प्रदेशले गर्ने विकास<br>➢ प्रादेशिक योजना तथा नीति निर्माण तथा कार्यान्वयन<br>➢ प्राकृतिक स्रोत साधनको रोयल्टी र लाभांश बाँडफाट | ➢ स्थानीय तहले गर्ने विकास<br>➢ गरीबी निवारण<br>➢ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीर लाभांश बाँडफाट |
| ७ | परम्परागत पेशा, ब्यवसाय, मर्यादित काम र रोजगारी | दायित्व | दायित्व | दायित्व |
| ८ | अग्रिम सुसूचित, स्वतन्त्र मन्जुरी | प्रभावित पक्षहरुसँग लिने | प्रभावित पक्षहरुसँग लिने | प्रभावित पक्षहरुसँग लिने |

(स्रोतः संविधानको धारा ५६, धारा ५७ अनुसूची ५, ६, ७, ८ र ९ स्थानीय सरकार संचालन ऐन, २०७४ समेतको समीक्षाको आधारमा)

### १.३.३ श्रृजित दायित्व निर्वाह गर्नका लागि सरकारले चाल्नु पर्ने कदमहरु (Government's Action)

१.अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९, आदिवासीहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणा-पत्र, २००७ लगायत राज्यले अनुमोदन गरेका सन्धि/महासन्धि अनुरुप आदिवासी जनजातिको व्यक्तिगत तथा सामुदायिक अधिकार "Collective Rights" सम्मान, संरक्षण, संवर्द्धन र परिपालन गर्ने/गराउने ।

२.अनुमोदित महासन्धिहरु अनुरुप संविधान र प्रचलित कानूनमा संशोधन तथा परिमार्जन गर्नुपर्ने र सोहि वमोजिम सरकार र सरकारका निकायहरुले आफ्ना नीति, आयोजना, कार्यक्रम, परियोजना र प्रदान गरिने सेवा सुविधाहरुमा समायोजन गर्ने ।

३ अनुमोदित महासन्धिहरुको प्रभावकारी कार्यान्वयनको लागि आदिवासी जनजातिको परामर्श, समन्वय, सहजीकरण र मध्यस्थताको व्यवस्था गर्ने संयन्त्र बनाउने ।

४. अनुमोदित महासन्धिहरुका प्रावधानहरुको कार्यान्वयन गर्नका लागि राष्ट्रिय कार्ययोजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने ।

५.अनुमोदित महासन्धिहरुको कार्यान्वयन गर्दा आदिवासीलाई प्रभावित पार्ने वा उनीहरुसँग सरोकार रहने कानून तथा नीति, कार्यक्रम, परियोजनाका कार्यहरु आदिमा उनीहरुको परम्परगत संस्था वा सम्बन्धित समुदायले चयन गरेका प्रतिनिधिहरु मार्फत सार्थक सहभागिता कायम गर्ने गराउने, स्वतन्त्र, अग्रिम र सुसूचित मन्जुरी कायम गर्ने/गराउने ।

६. अनुमोदित महासन्धिहरु अनुसार आवधिक रुपमा वुझाउनु पर्ने प्रगति प्रतिवेदन नियमित रुपमा वुझाउने ।

७ .संयुक्त राष्ट्रसंघ अर्न्तगतका मानव अधिकार अनुगमन समिति र राष्ट्रिय मानव अधिकार, आदिवासी जनजाति आयोग तथा थारु आयोग आदिले मागेको जानकारी उपलब्ध गर्ने/गराउने ।

८.महासन्धि लगायत अन्य अन्तर्राष्ट्रिय कानूनद्धारा प्रत्याभूत गरिएका आदिवासी जनजातिका अधिकार कार्यान्वयन, राज्यद्वारा प्रदान गर्ने सेवा, सुविधा, विकासको प्रतिफल आदिमा आदिवासी जनजातिका पहुच र नियन्त्रणको सुनिश्चित गर्ने ।

९. सरकारका तीनै तहका निकायहरुले जातिगत रुपमा खण्डिकृत तथ्यांक तयार गर्ने/गराउने ।

१०.तीनै तहका सरकारले गर्नुपर्ने कामहरु व्यवस्थित रुपमा गर्नलाई कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने।

## परिच्छेद-२
## आदिवासी जनजातिको अधिकार र दिगो विकास कार्ययोजना : विश्लेषण

### २.१ विषय प्रवेश

नेपालको संविधानले प्रत्यक्ष तथा परोक्षरुपमा प्रत्याभूत गरेको आदिवासी जनजातिको अधिकार र नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय श्रम संगठन महासंन्धि नम्बर १६९ लगायत अन्तर्राष्ट्रिय कानून तथा सो सम्बन्धी संरचनाहरुले सुनिश्चित गरेको आदिवासी जनजाति अधिकार तदारुकताका साथ समावेशी, समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालले सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने संबैधानिक व्यवस्था रहेको छ । "कसैलाई पनि पछि पारिने छैन" भन्ने मूल नारालाई आत्मसात् गरेको विश्वव्यापी दिगो विकास लक्ष्यहरु (२०१६-२०३०) यथा समयमा हासिल गर्ने नेपालको प्रतिबद्धताले आदिवासी जनजाति अधिकारलाई कार्यान्वयनमा ल्याउदै उनीहरुको द्रुततर र दिगो विकासद्वारा सुख-सम्मृद्धिलाई प्रभावकारी बनाउन सन् २०३० सम्ममा नेपाललाई न्यायपूर्ण तथा सम्मृद्ध मुलुक बनाउन **आदिवासी जनजातिको अधिकार र दिगो विकास कार्ययोजना** तर्जुमा गरिएको छ ।

### २.२ प्रमुख समस्या

आदिवासी जनजातिले नेपालको संविधान र कानूनहरुले प्रत्याभूत गरेका र नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय महासन्धि, सम्झौता तथा घोषणापत्रले सुनिश्चित गरेका अधिकारहरु पूर्णरुपमा उपभोग गर्न पाईरहेका छैनन् । परम्परागत सामाजिक, सांस्कृतिक, भाषिक, आर्थिक, राजनीतिक तथा अन्य मानव अधिकारको हनन्का घट्नाहरु सार्वजनिक भई रहेका छन् । सामाजिक, राजनीतिक, प्रशासनिक क्रियाकलापहरुले मात्र होइन, विकास आयोजनाहरुले पनि उनीहरुको अधिकारलाई निरन्तर अबमूल्यन गरिरहेकोछ । अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं.१६९ को नेपाल पक्ष बनेको १२/१३ वर्ष भइसक्दा पनि अझै राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने कार्य बांकी नै भएकाले प्रचलित ऐन कानूनलाई महासन्धिमैत्री बनाउन आवश्यक छ । बहुसंख्यक आदिवासी जनजातिको शिक्षामा पहुँच कमजोर भएकोले जसले गर्दा राज्य र आदिवासी जनजाति बीचको दुरी क्रमशः बढ्दै गइरहेको विद्यमान अवस्था छ ।

### २.३ चुनौती र अवसर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रत्याभूत गरिएका आदिवासी जनजातिका अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र अभ्यासका लागि संस्थागत व्यवस्थापन गर्नु, यसका लागि प्रभावकारी संरचना बनाउन, यी अधिकारहरुको प्रचलनमा बाधक रहेका कानूनहरुमा संशोधन वा सुधार गर्नु तथा अधिकार संरक्षण र प्रवर्द्धनका लागि आवश्यकता अनुसार नया कानूनहरु निर्माण गर्नु र यी प्रयोजनहरुका लागि संघीय प्रणालीका सबै तह र निकायहरुलाई सम्वेदनशील र सक्षम बनाउनु प्रमुख चुनौतीका रुपमा रहेका छन् । त्यस्तै विद्यमान विकास प्रक्रियालाई आदिवासी जनजातिका अधिकार एवं आकांक्षा अनुकूल बनाउनु र विकासको प्रतिफलमा आदिवासी जनजातिको हिस्सेदारी बढाउनु पनि चुनौती रहेकोछ ।

नेपालको संविधानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसास्कृतिक विशेषतालाई आत्मसात् गरी सबै प्रकारको विभेदको अन्त्य गर्ने, लोकतन्त्र, मौलिक अधिकार, स्वायत्तता तथा स्वशासनको अधिकार, समानता, सम्मृद्धि र सामाजिक न्याय एवं समावेशीकरण सुनिश्चित गर्ने व्यवस्था गर्नु, संविधानको मौलिक हक तथा निर्देशक सिद्धान्त र नीति कार्यान्वयन गर्ने गरी पन्ध्रौं योजना (आ.व.२०७६/०७७-२०८०/०८१) को कार्यान्वयन प्रारम्भ हुनु, संघीय प्रणाली अनुरुप आवश्यक संरचना तयार हुदै जानु र "कसैलाई पनि पछि पारिने छैन" भन्ने नारा बोकेको दिगो विकासका लक्ष्यहरु (२०१६-२०३०) हासिल गर्ने सरकारका प्रतिबद्धताहरु प्रमुख अवसरहरुका रुपमा रहेका छन् ।

### २.४ लक्ष्य

अधिकार सम्पन्न, सक्षम र सम्मृद्ध आदिवासी जनजाति समाजको निर्माण गर्ने ।

### २.५ उद्देश्य

२.५.१ आदिवासी जनजातिको अधिकार, अखण्डता र प्रतिष्ठाको सम्मान एवं सुरक्षाको प्रबर्द्धन गर्नु ।

२.५.२ आदिवासी जनजातिका दीगो विकासलाई राष्ट्रिय विकास योजना र स्रोत-साधन तथा अवसर वितरणको अभिन्न अङ्ग बनाउनु

## २.६ रणनीति

२.६.१ मुलुकको संविधान र कानूनले प्रत्यक्ष तथा परोक्षरुपमा प्रत्याभूत गरेको र नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय महासन्धि, घोषणा-पत्र सहमतिका दस्तावेजहरुले सुनिश्चित गरेको आदिवासी जनजातिका अधिकारको योजनाबद्ध ढंगले सम्मान, संरक्षण र सम्बर्द्धनको निम्ति कानून तथा नीतिहरु तर्जुमा तथा परिमार्जन गर्ने ।

२.६.२ आदिवासी जनजातिको सरोकार, समस्या, सवाल, आवाज, प्रगतिका विषयहरुलाई कानूनी, नीतिगत, संस्थागत, कार्यात्मक रुपले सम्बोधन गर्ने ।

२.६.३ राज्यको सबै अंग तथा निकायमा आदिवासी जनजातिको समान हैसियतमा (Equal footing) सार्थक समावेशीता र दिगो विकासका लक्ष्यहरु हासिल गर्न विशेष उपायहरु अपनाउने ।

२.६.४ विद्यमान आदिवासी जनजाति आयोग, थारु आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई श्रोत साधन युक्त सुदृढ र क्षमतावान बनाउने र संघीय प्रणाली अनुरुप अन्य आवश्यक उपयूक्त संयन्त्रहरु निर्माण गर्ने ।

२.६.५ विकास प्रक्रियाको प्रतिफल र परिणाममा आदिवासी जनजातिको सहभागिता र हिस्सेदारी बढाउन र उनीहरुको हक तथा हितको प्रवर्द्धन सुनिश्चित गर्न मुलुको विद्यमान विकास नीति तथा प्रक्रिया (योजना/आयोजनाको प्राथमिकीकरण निर्धारण, तर्जुमा, कार्यान्वयन, सुपरिवेक्षण/अनुगमन, मूल्याङ्कन) र स्रोतसाधन वितरणमा सारभूत सुधार ल्याउने ।

३.६.६ आदिवासी जनजातिका सीमान्तकृत, लोपोन्मुख, अपाङ्गता भएका, महिला र बालबालिकाको संरक्षण र सम्वर्द्धनका लागि विशेष पहल गर्ने ।

## २.७ प्रमुख कार्यक्रमहरु

२.७.१ आदिवासी जनजातिका मानव अधिकार तथा सामुहिक अधिकारको प्रत्याभुति र निर्वाध उपभोगद्वारा लोकतन्त्र तथा सुशासनको सुदृढीकरण

क. आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय कानून अनुकूल नेपालका कानूनहरुमा संसोधन

ख. समानताको हक, भेदभाव विरुद्धको हक, शिक्षा सम्वन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, स्वास्थ्य सम्वन्धी हक, खाद्य सम्वन्धी हक, आवासको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हकको सुनिश्चितता निम्ति कानून तर्जुमा

ग. कानून तथा नियममा समायोजन गर्न पर्ने क्षेत्रहरु

१. स्वायत्तता, स्वःशासन तथा स्व-व्यवस्थापन

२. आदिवासी न्यायमा पहुच तथा प्रथाजनित कानून र संस्थाको विकास

३. समावेशीता, सहभागिता/प्रतिनिधित्व, परामर्श तथा स्वतन्त्र, अग्रिम र सुसूचित मन्जुरी

४. भूमि, भूक्षेत्र तथा प्राकृतिक स्रोत साधनको उपयोग

५. सहभागितामुलक तथा दिगो विकास (स्रोतमा पहुच)

६. परम्परागत पेशा, व्यवसाय, मर्यादित काम र रोजगारी

७. महासन्धि कार्यान्वयनमा बजेटको व्यवस्था

२.७.१ आदिवासी जनजातिलाई प्रत्यक्ष प्रभाव पार्ने सबै तहको कानून निर्माण वा प्रशासनिक निर्णयको प्रक्रियामा आदिवासी जनजातिको परम्परागत संस्था र प्रतिनिधिहरुको सहभागिता सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था

क. कानून तथा नीति तर्जुमा, कार्यान्वयन र अनुगमनमा सरोकारवालाको सहभागिता सम्वन्धी कानून, नियमावली निर्देशिका संसोधन तथा परिमार्जन

ख. आदिवासी जनजातिका प्रतिनिधिमुलक तथा परम्परागत संस्थाका प्रतिनिधिहरुको निर्णय प्रक्रियामा सहभागिता सम्वन्धी विशेष व्यवस्थाका लागि कानून निर्माण

२.७.३ आदिवासी जनजातिसँग असल मनसायले गरिने परामर्श र स्वतन्त्र, अग्रिम र सुसूचित मन्जुरी सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था

२.७.४ आदिवासी जनजातिका स्वशासनको हक प्रचलनको लागि उनीहरुको थातथलो वा सघन बसोबास रहेको क्षेत्र समेटेर स्वायता क्षेत्र, संरक्षित क्षेत्र, विशेष क्षेत्र सम्वन्धी कानून तर्जुमा एवं कार्यान्वयन

२.७.५ आदिवासी जनजातिका हक हननको उपचार सम्वन्धी द्रुत कारवाहीको निमित्त कानून संशोधन

क. भविष्यमा हुने विभेद् रोक्न र विगतमा भएका विभेद्को प्रभाव उन्मूलन गर्न विद्यमान भेदभाव विरुद्धको कानूनमा संशोधन

ख.आदिवासी जनजातिका हक अधिकारको हननको उपचार र समस्या निराकरण सम्बन्धी द्रुत कारवाहीको कानूनी व्यवस्था र संयन्त्र निर्माण

२.७.६.आदिवासी जनजाति आयोग, थारु आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको संस्थागत विकास, सुदृढिकरण, क्षमता अभिवृद्धि, क्षेत्राधिकार विस्तार

२.७.७ आदिवासी जनजातिको अधिकारलाई मुलुकको आवधिक विकास योजनासँग सम्बन्धित नीति तथा कार्यक्रमहरुमा संस्थागत, संरचनात्मक, व्यवहारात्मक र कार्यात्मक रुपमा अनुकुल योजना तर्जुमा

२.७.८ आदिवासी जनजातिका क्षमता वृद्धि, दिगो विकास, अवसर विस्तार व्यवसाय प्रवर्द्धन र आर्थिक प्रगति लगायत समग्र विकास सम्बन्धी योजना

२.७.९ सीमान्तीकृत तथा लोपोन्मुख आदिवासी जनजाति अपाङ्गता भएका आदिवासी जनजाति, आदिवासी जनजाति महिला, बालबालिकाको विशेष संरक्षण

## २.८ अपेक्षित उपलब्धि

आदिवासी जनजाति अधिकारको कार्यान्वयन र प्रचलनद्वारा लोकतन्त्र, सुशासन क्रमशः सुदृढ हुदै गएको संकेतहरु देखिनेछन् । जातीय, सांस्कृतिक, भाषिक, धार्मिक, लैंगिक र क्षेत्रीय विभेद, शोषण, दमन र उत्पीडनका विरुद्ध प्रभावकारी कानून कार्यान्वयनमा आउनेछन् । त्यस्तै आदिवासी जनजातिको आत्म-विकासका दिगो लक्ष्यहरु ७५ प्रतिशत हासिल भएका हुनेछन् ।

## परिच्छेद ३

## स्वायत्तता, स्व-शासन तथा स्व-व्यवस्थापन

## (Autonomy, Self-Governance and Self Management)

### ३.१ विषय प्रवेश

महासन्धि नं १६९ ले आफ्नो परम्परागत, जातीय प्रतिनिधिमूलक सङ्घ/संस्था तथा तिनीहरूको विकास, प्रबर्द्धन र सञ्चालनमा आदिवासी जनजातिको नियन्त्रण रहने विषय स्व-व्यवस्थापन अन्तर्गत व्यवस्था गरेको छ । आदिवासी जनजातिका भाषा, संस्कृति, आस्था, प्रथा परम्परा, भूमि तथा प्राकृतिक स्रोत साधनको विकास तथा व्यवस्थापनमा आदिवासीले प्राथमिकता निर्धारण गर्न पाउने व्यवस्था छ । आफ्नो विषयमा आफैं प्राथमिकता निर्धारण गर्न पाउने, आदिवासीलाई प्रभावित पार्ने विषयमा उनीहरूसँग सहमति लिनु पर्ने जस्ता आत्म-निर्णयको अधिकारको विषयमा यसको धारा ३ र ३५ ले अन्य अन्तर्राष्ट्रिय कानूनहरू नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध १९६६, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६, आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ को धारा ३, ४ र ४६ बमोजिम आत्मनिर्णयको अधिकार अन्तर्गत स्वायत्तता र स्व-शासनको अधिकार आदिवासी जनजातिलाई रहन्छ । जसको कार्यान्वयन गर्ने प्रतिबद्धता नेपाल सरकारले प्रकट गरिसकेको छ । आदिवासी जनजातिले उठाउँदै आएको आत्म-निर्णयको अधिकार प्रयोग गर्नको लागि स्वायत्तता र स्वशासन उपभोग गर्दा आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा-पत्रको धारा ४६ ले निर्देशित गरेको आन्तरिक आत्म-निर्णयको अधिकार उपभोग गर्न पाउँछन्, जसले लोकतान्त्रिक सहभागिता, मानव अधिकार तथा आधारभूत स्वतन्त्रतालाई पूर्णरूपले प्रत्याभूत गरी राज्यको एकतालाई सुदृढ बनाउँदछ । आदिवासी जनजातिका प्रतिनिधित्व अन्तर्गत उनीहरूको प्रतिनिधिमूलक संस्थाको माध्यमबाट उनीहरूको आफ्नै प्रक्रिया अनुरुप छानिएको प्रतिनिधिमार्फत गर्नुपर्छ ।

नेपालको संविधानको प्रस्तावनामा स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्ने उल्लेख छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९९ मा विशेष, संरक्षित र स्वायत्त क्षेत्र स्थापना गर्ने व्यवस्था छ । त्यस्तै, राज्यको संरचना र राज्यशक्तिको बाँडफाट अन्तर्गत सामाजिक सांस्कृतिक संरक्षण र आर्थिक विकासको लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्ने उल्लेख छ । यसलाई कार्यान्वयन गर्न श्री सर्वोच्च अदालतबाट भुवन बराम विरुद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद भएको रीट नं ०७४-WO-०२३९ मा नेपाल सरकारलाई कानून निर्माण गर्न निर्देशनात्मक आदेश जारी भएको छ ।

### ३.२ वर्तमान अवस्था :

आदिवासी जनजातिको स्वायत्तता र स्व-शासनको अधिकारको विषयमा संविधानको प्रस्तावनामा स्वायत्तता र स्वशासनको अधिकार उल्लेख छ । संविधानको धारा ५६(५) मा सामाजिक तथा आर्थिक विकासका लागि विशेष सांस्कृतिक तथा स्वायत्त क्षेत्र निर्माण गर्न सक्ने व्यवस्था छ । स्वायत्तताको सन्दर्भमा महासन्धि नम्बर १६९ को अलवा आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ र सामाजिक सांस्कृतिक र आर्थिक अनुबन्ध, १९६६ लाई अनुमोदन तथा सहमति जनाई आत्म-निर्णयको अधिकार, स्वायत्तता, स्वशासनलाई लागू गर्न कानूनी, राजनीतिक र नैतिक प्रतिबद्धता जनाएको अवस्था विद्यमान छ ।

### ३..३ समस्याहरू

आत्मनिर्णयको आधिकारलाई लागू गर्ने प्रतिबद्धता सहित अन्तर्राष्ट्रिय कानूनलाई अनुमोदन गरी स्वायत्तता र स्वशासन समेत आन्तरिकीकरण गर्ने अवस्थामा रहेको छ । सर्वोच्च अदालतको ११ जना न्यायधीशहरुको बृहद इजलासबाट रीट नं. ३१०५ मा (रविराज भण्डारी विरुद्ध मनमोहन अधिकारी) प्रस्तावना समेत संविधान कै अङ्ग हुने नजीर प्रतिपादन भएता पनि यी विषयहरु कानूनहरूमा समेट्न बाँकी रहेको छ । आदिवासी जनजातिँग सम्बन्धित नीति, नियम बनाउने व्यवस्थापिकीय र प्रशासनिक निर्णयहरूमा उनीहरूको प्रतिनिधित्व, सहभागिता, पहुँच र नियन्त्रणलाई सुनिश्चित गरिएकाले आदिवासी जनजाति तथा मुलुकको समग्र विकास र दिगो शान्ति कुनै पनि समयमा समस्यापूर्ण हुनसक्ने देखिन्छ । विगतदेखि नै बञ्चितीकरणमा परेका आदिवासी जनजातिहरुले अझै पनि लोकतन्त्रमा समान अधिकार उपभोग गर्न पाएका छैनन् । परम्परागत रुपले समुदायमा स्वशासनको अभ्यास गर्दै आएका आदिवासी जनजातिको प्रणाली क्षीण हुँदै गएको अवस्था विद्यमान छ । परम्परागत स्व-व्यवस्थापनमा संरक्षण, प्रयोग र पुस्तान्तरण हुदैं आएका उनीहरुका जल जमीन र जंगलसँगको सम्बन्धलाई विस्थापन गरिएको छ । परिणामत उनीहरु हरेक क्षेत्रमा बन्चितीकरणमा परेका छन् । त्यसलाई सम्बोधन गर्न स्वायत्त, स्वशासन र स्व-व्यवस्थापनको अधिकार सुनिश्चित गर्न ऐन कानून निर्माण, संशोधन र परिमार्जन गर्न टड्कारो आवश्यक छ ।

### ३.४ कार्यान्वयन कार्ययोजनाका उद्देश्यहरू:

- आदिवासी जनजातिको स्वायत्तता, स्वशासन र स्व-व्यवस्थापन स्थापना गर्नु ।
- आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणपत्रद्वारा प्रत्याभूत गरिएका महासन्धिको धारा ३ र ३५ ले आत्मसात् गरेको आत्मनिर्णयको अधिकारलाई नेपालको राष्ट्रिय सन्दर्भमा व्याख्या गरी पालना गर्नु ।
- आदिवासी जनजातिको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, सामूहिक तथा वैयक्तिक, मानवअधिकार तथा आधारभूत स्वतन्त्रता प्रत्याभूत गर्नु ।
- आदिवासी जनजाति प्रति हुने विभेद, वहिष्करण र सीमान्तीकरण उन्मूलन गर्ने, उनीहरूको सर्वाङ्गिण विकास सुनिश्चित गर्ने तथा राज्यसँग साझेदारी र सहकार्य स्थापित गर्नु ।
- आफ्नो सङ्घ/संस्था, जीवनपद्धति, आर्थिक विकास, पहिचान, भाषा, धर्म र संस्कृतिको निरन्तरता र विकासलाई अभ्यास तथा नियन्त्रण गर्ने अधिकार दिने ।
- आदिवासी जनजातिसँग सरोकार रहने वा प्रभावित पार्ने विषयमा अग्रिम सूचना, परामर्श र स्वतन्त्र सहमति कायम गर्नु ।
- आदिवासी जनजातिको स्वव्यवस्थापनको आन्तरिकीकरण गर्नु ।
- आदिवासी जनजातिको विकासका लागि प्राथमिकता निर्धारण गर्न पाउने र त्यस उपर नियन्त्रण गर्न पाउने अधिकार सुनिश्चित गर्नु ।

## ३.५ रणनीति

**३.५.१.** आदिवासी जनजातिको स्वायत्तता, स्वशासनको अधिकार सुनिश्चित गर्ने ।

३.५.२ आदिवासी जनजातिको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, धार्मिक क्रियाकलाप तथा विकास आयोजना सम्बन्धी कार्यहरु आदिवासी जनजातिको स्व-व्यवस्थापनमा संचालन गर्ने ।

३.५.३ आदिवासी जनजातिको पहिचानलाई मान्यता दिने ।

## ३.६ कार्यक्रम

(१) आदिवासी जनजातिको स्वायत्तता, स्वशासन र स्व-व्यवस्थापनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को शंसोधन ।

(२) विशेष, संरक्षित र स्वायत्तता क्षेत्रको स्थापना र संचालन ।

(३) आदिवासी जनजातिको सर्वाङ्गिण विकासको लागि स्व-व्यवस्थापनमा कार्यक्रम तथा आयोजनाको तर्जुमा र कार्यान्वयन ।

(४) सरकार, सरकारका निकाय वा निजी क्षेत्रले आदिवासी जनजातिको पुर्ख्यौली थातथलोमा गरिने विकासमा अग्रिम सुसूचित स्वतन्त्र मन्जुरी लिने व्यवस्था ।

**कार्यान्वयन कार्ययोजना**

**स्वायत्तता, स्व-शासन तथा स्व-व्यवस्थापन**

| क्र स. | उद्देश्य | रणनीति | कार्यक्रम/क्रियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| १ | आदिवासी जनजातिको स्वायत्तता, स्वशासन र स्वव्यवस्थापन स्थापना गर्नु । | (१) आदिवासी जनजातिको स्वायत्तता, स्वशासनको अधिकार सुनिश्चित गर्ने । | (१)आदिवासी जनजातिको स्वायत्तता, स्वशासन र स्वव्यवस्थापनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को संशोधन । | (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शंसोधन | २ वर्ष | संघीय सरकार |
| | | | (२) आदिवासी जनजातिको विशेष, संरक्षित र स्वायत्तता क्षेत्रको स्थापना र सञ्चालन । | (२) आदिवासी जनजातिको विशेष, संरक्षित र स्वायत्तता क्षेत्र सञ्चालन | ३ वर्ष | प्रदेश सरकार |
| | | | (३) सरकार, सरकारका निकाय वा निजी क्षेत्रले आदिवासी जनजातिको पुर्ख्यौली थातथलोमा गरिने विकासमा अग्रिम सुसूचित स्वतन्त्र मन्जुरी लिने व्यवस्था | (३) अग्रिम सुसूचित स्वतन्त्र मन्जुरीको कार्यान्वयन निर्देशिका तयारी | २ वर्ष | स्थानीय सरकार |

| क्र स. | उद्देश्य | रणनीति | कार्यक्रम/क्रियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| | | (२) आदिवासी जानजातिको आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक एवं धार्मिक क्रियाकलाप तथा विकास आयोजना सम्बन्धी कार्यहरु आदिवासी जनजातिहरुको स्वव्यवस्थापनमा सञ्चालन गर्ने । | (१) आदिवासी जनजातिको सर्वाङ्गीण विकासको लागि उनीहरुको स्वव्यवस्थापनमा कार्यक्रम तथा आयोजनाको तर्जुमा र कार्यान्वयन । | (१) स्वव्यवस्थापनमा आवश्यक कार्यक्रम तथा आयोजनाहरु सञ्चालन | १) ५ बर्ष | **संघीय सरकार** **प्रदेश सरकार** **स्थानीय सरकार** |
| | | (३) सबै आदिवासी जनजातिको पहिचानलाई मान्यता दिने । | (१) वृहत अध्ययन अनुसन्धान गरी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को संशोधन एवं अनुसूची परीमार्जन । | (१) पहिचान सुनिश्चित हुने । | (१) २ बर्ष | संघीय सरकार |

## परिच्छेद ४
## आदिवासी जनजातिको न्यायमा पहुँच, प्रथाजनित कानून र संस्थाको विकास

### ४.१ विषय प्रवेश

आदिवासी जनजातिको समाज आफ्नै प्रकारको विशिष्ट प्रथा र परम्पराद्वारा सञ्चालित हुन्छ । यस्ता प्रथा परम्पराले बहुल सामाजिक पहिचानलाई मजवुत पार्दै राष्ट्रिय एकतालाई सुदृढ गर्न मद्दत गर्दछ । प्रथाजन्य कानून अनुसार आदिवासी जनजातिको सामाजिक, सांस्कृतिक, आर्थिक, प्रशासनिक, न्यायिक र दैनिक व्यवहारहरू सञ्चालित हुन्छन् । प्रथाजन्य कानूनहरू अलिखित र समय सापेक्ष परिमार्जन हुन्छन् । प्रथाजन्य कानूनहरूलाई सञ्चालन गर्न परम्परागत संस्थाहरूको प्रमुख भूमिका रहन्छ । यस्ता संस्थाहरू समुदाय अनुसार भिन्न-भिन्नै नाममा संचालन भइरहेका हुन्छन् ।

नेपालको संविधानले न्यायमा पहुँच, समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने मौलिक हक तथा आदिवासीको समुदायको सामाजिक परम्परा, संस्कृतिको संरक्षण सम्बर्द्धन गर्ने नीति उल्लेख गरेको छ । महासन्धि नं. १६९ को अनुमोदन पछि न्यायिक बहुलतालाई दृष्टिगत गर्नुपर्ने कानूनी र अन्तर्राष्ट्रिय दायित्व सिर्जना भएको छ । मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा ३३ र ३४ ले सामुदायिक मेलमिलापको विशेष व्यवस्था गरेको छ । यसबाट न्यायमा विविधीकरणको व्यवस्था शुरुवात भएको छ । आदिवासी जनजातिको परम्परागत न्याय प्रशासन र प्रथाजन्य कानूनलाई मान्यता दिएर न्यायमा आदिवासी जनजातिको सहज पहुँच तथा मेलमिलापमा आधारित न्याय प्रणाली (Reconcilation Justice System) लाई संस्थागत गरी बदलिदो परिस्थिति सुहाउँदो न्यायिक प्रणाली विकास गर्न आवश्यक भएको छ ।

### ४.२ वर्तमान स्थिति

प्रचलित न्याय प्रशासन सम्बन्धी व्यवस्था एकै प्रकारको न्यायिक प्रणाली राज्य भरी लागू हुने भए तापनि विगतको मुलुकी ऐन तथा हालको देवानी संहिता अन्तर्गतका व्यवस्थामा प्रथाजन्य कानूनको अस्तित्वलाई केही हदसम्म समेटेको पाइन्छ । तथापि, न्याय प्रशासनमा नेपाली भाषाको अलावा मातृभाषालाई मान्यता नदिएका कारण मातृभाषी आदिवासी जनजातिले सार्वजनिक निकायहरुमा आफ्नो विषयमा प्रस्टसँग कुरा राख्न नसक्ने स्थिति भोग्दै आएका छन् । अर्कातिर आफ्नो पहुँचको स्थानमा सार्वजनिक निकाय नहुनु, न्याय प्रशासनका प्रक्रियाहरू लामो समय लाग्ने, बुझ्न नसक्ने खालका जटिल भएकाले सरल न्यायिक पहुँच हुन सकेको छैन । अलिखित कानुनमा अभ्यस्त आदिवासी जनजाति समुदायलाई लिखित कानूनी प्रणालीले समेट्न सकेको छैन । त्यसकारण उनीहरुका प्रथाजन्य कानूनलाई समावेश गरी न्यायिक पुन:संरचना हुन आवश्यक छ ।

### ४.३ विद्यमान न्यायिक प्रणालीमा निम्न समस्याहरु देखा परेका छन् ।

१. अधिकांश आदिवासी जनजाति विद्यमान न्यायिक प्रणाली तथा प्रचलित कानूनका विषयमा अनभिज्ञ छन् ।
२. आदिवासी जनजातिको न्यायमा सरल र सहज पहुँच छैन ।
३. न्याय प्रशासनमा आदिवासी जनजातिको प्रतिनिधित्व अत्यन्तै न्यून छ ।
४. आदिवासी जनजातिको प्रथाजन्य न्याय प्रणालीलाई मान्यता नदिइदा विवाद तथा द्वन्द्वको सहज समाधान हुन सकेको छैन ।
५. न्याय प्रशासन र न्याय निरुपणप्रति अविश्वासको वातावरण बन्दै गइरहेको छ ।
६. झन्झटिलो न्यायप्रणाली र आदिवासी जनजातिको विशेष अवस्थालाई बुझी न्याय दिनसक्ने व्यवस्था नभएका कारण उनीहरु न्यायबाट वञ्चित भएका छन् ।
७. न्यायिक प्रणाली सुधारात्मक तथा मेलमिलाप कायम गर्ने खालको हुन सकेको छैन ।
   न्याय प्रणालीमा चुनौती

माथि उल्लेखित गम्भीर समस्याहरुको निराकरण गरी सर्बसाधारण सबैको न्यायमा पहुँच हुन नसक्नु ।

### ४.४. उद्देश्य

**आदिवासी जनजातिको न्यायमा पहुँच सुनिश्चित गर्नु ।**

### ४.५ रणनीति

१. समन्यायिक प्रणाली (**Equitable Justice**) र न्यायको अधिकार सुनिश्चित गर्न न्यायिक बहुलता कायम गर्ने,
२. न्यायिक, अर्धन्यायिक तथा प्रशासकीय संयन्त्रहरुमा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने
३. आदिवासी जनजातिको न्याय प्रशासनमा पहुँच अभिवृद्धि गर्ने

४.६ **कार्यक्रम**

(१) प्रचलनमा रहेका न्यायिक प्रणाली, प्रथाजनित कानून, संस्था सुदृढीकरण ।

(२) सुषुप्त अवस्थाका प्रथाजनित कानून र न्यायिक प्रणालीलाई पुनरोत्थान ।

(३) न्यायिक, अर्धन्यायिक र प्रशासनिक निकायमा समावेशी प्रतिनिधित्वको लागि कानून निर्माण शंसोधन र कार्यान्वयन

(४) आदिवासी जनजातिको पहुँच सुनिश्चितताका लागि न्याय प्रणालीमा सुधार ।

**कार्यान्वयन कार्ययोजना**

**आदिवासी जनजातिको न्यायमा पहुँच, प्रथाजनित कानून र संस्थाको विकास**

| **क्र.सं** | उद्देश्य | रणनीति | कार्यक्रम /कियाकलाप | सूचक | परिणाम | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| **१.** | आदिवासी जनजातिको न्यायमा पहुँच सुनिश्चित गर्ने | समन्यायिक प्रणाली (Equitable justice) र न्यायको अधिकार सुनिश्चित गर्न प्रथाजनित कानून र संस्थाको विकास गरी न्यायिक बहुलता कायम गर्ने, | (१) आदिवासी जनजातिको प्रथाजनित कानून तथा न्याय प्रणालीको अध्ययन<br>(२) परम्परागत न्यायिक प्रणाली एवं न्यायिक बहुलता प्रर्बद्धनका लागि प्रचलित कानून तथा नियमहरुमा संशोधन | (१) प्रथाजनित कानून तथा परम्परागत संस्थाहरुको अभिलेखीकरण<br>(२)न्यायिक बहुलतालाई प्रर्बद्धन गरिएको संशोधित न्याय सम्बन्धी कानूनहरु | १ बर्ष<br>३ बर्ष | संघीय सरकार<br>प्रदेश सरकार<br>स्थानीय सरकार |
| | | (२) न्यायिक, अर्धन्यायिक तथा प्रसासकीय संयन्त्रहरुमा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने | (१)आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न कानून र नियमहरुमा संशोधन | १) समानुपातिक समविशी न्यायिक, अर्धन्यायिक र प्रशासनिक संयन्त्रहरु | ३ बर्ष | संघीय सरकार<br>प्रदेश सरकार<br>स्थानीय सरकार |
| | | (३) आदिवासी जनजातिको न्याय प्रशासनमा पहुँच सुनिश्चित गर्ने | (१) आदिवासी जनजाति पहुँच सुनिश्चितताका लागि न्याय प्रशासन सुधार (अध्ययन तथा कानून संशोधन, संस्थागत पुर्नसंरचना) आदि । | (१) अध्ययन कार्यदल र प्रतिवेदन<br>(२) कानून संशोधन<br>(३) समावेशी प्रशासनिक संरचना निर्माण | ५ बर्ष | संघीय सरकार,<br>प्रदेश सरकार<br>स्थानीय सरकार |

## परिच्छेद ५
## सहभागिता, प्रतिनिधित्व, परामर्श तथा स्वतन्त्र, अग्रिम र सुसूचित मन्जुरी

### ५.१.विषय प्रवेश

सहभागिता, प्रतिनिधित्व, परामर्श र स्वतन्त्र, अग्रिम र सुसूचित मन्जुरी आदिवासी जनजातिका आधारभूत अधिकारहरू हुन् । आदिवासी जनजातिसँग सरोकार रहने तथा उनीहरूलाई प्रभावित बनाउने संविधान, कानून, नीति र नियम बनाइदा वा कुनै प्रकारको सरोकार राख्ने निर्णय गरिदा उनीहरूको प्रतिनिधिमूलक संस्थाको माध्यमबाट उनीहरूको आफ्नो प्रक्रिया अनुरूप चयन भएको प्रतिनिधिमार्फत प्रतिनिधित्व गराइनुपर्छ । निर्णय गरिदा आदिवासी जनजातिको प्रतिनिधिहरू मार्फत सार्थक परामर्श गरी सहमति गर्नुपर्ने प्रावधान रहेको छ । यी प्रक्रियाहरू आदिवासी जनजातिलाई प्रभावित पार्ने वा सरोकार रहने विकासका अन्य कार्यक्रमहरूमा समेत लागू हुन्छ ।

### ५.२ वर्तमान स्थिति

नेपालको संविधानको धारा ४२ र ५१(ञ)(८) मा आदिवासी जनजाति लगायतलाई प्रभावित पार्ने निर्णयहरुमा समानुपातिक सहभागिताको हक तथा नीतिको व्यवस्था गरिएको छ । अन्य प्रचलित ऐन कानूनहरुमा समेत आदिवासी जनजातिको प्रतिनिधित्व र सहभागिताको व्यवस्था गरे तापनि अझै राज्य संरचनामा आदिवासी जनजातिको प्रभावकारी प्रतिनिधित्व हुन सकिरहेको छैन । निजामती सेवातर्फ आदिवासी जनजातिको प्रतिनिधित्व २.३ प्रतिशत, न्यायपालिका तर्फ सर्वोच्च अदालतमा बाहुन क्षेत्री ७७ प्रतिशत नेवार, १६ प्रतिशत आदिवासी जनजाति ७ प्रतिशत, पुनरावेदन अदालतमा बाहुन क्षेत्री ९१ प्रतिशत नेवार, ७ प्रतिशत आदिवासी जनजाति २ प्रतिशत जिल्ला अदालतमा बाहुन क्षेत्री ८९ प्रतिशत नेवार, ७ प्रतिशत आदिवासी जनजाति ४ प्रतिशत हालको तथ्याङ्कले पुष्टी गरेकोछ । स्वास्थ्य, शिक्षा, र रोजगारीका अन्य क्षेत्रको अवस्था पनि यस्तै देखिन्छ । प्रतिनिधिसभा तथा प्रदेशसभा एव्म स्थानीय तहहरुमा जनप्रतिनिधिहरूको राम्रै उपस्थिति हुनुले आगामी दिनमा आदिवासी जनजातिको प्रतिनिधित्व र सहभागिताको स्थिति क्रमशः सुधारोन्मुख देखिन्छ । महासन्धिले आदिवासी जनजातिको प्रतिनिधित्वको सवालमा उनीहरूले आफ्नो प्रक्रिया मार्फत छानेको र उनीहरू प्रति जवाफदेहि रहने, उनीहरूको सामुहिक अपेक्षालाई निर्णय प्रक्रियामा प्रतिविम्बित गर्ने सार्थक प्रतिनिधित्वको व्यवस्था गरेको तथा यसका लागि परामर्श र स्वतन्त्र, अग्रिम र सुसूचित मन्जुरीको व्यवस्था अनिवार्य गरेको हुनाले सो विषयलाई प्रचलित ऐन कानूनमा समावेश गर्नु पर्ने अपरिहार्य छ ।

### ५.३ समस्या र चुनौती

सहभागिता, प्रतिनिधित्व, परामर्श र अग्रिम सुसूचित स्वतन्त्र सहमतिको व्यवस्था संविधान तथा कानूनमा ठोस रुपमा नभएको कारण आदिवासी जनजातिको राजनीतिक, आर्थिक, सांस्कृतिक वा अन्य प्रकारको विकास प्रभावकारी हुन सकेको छैन । आदिवासी जनजातिको सार्थक प्रतिनिधित्व नभएको अवस्थामा हुने निर्णयहरूको प्रभावकारी कार्यान्वयन नहुने र ती निर्णयहरू प्रति अपनत्वको भावना कमजोर रहन्छ । आदिवासी जनजाति लक्षित विकास तथा आयोजनाहरूमा उनीहरूको सार्थक सहभागिता र प्रतिनिधित्व नरहेको अवस्थामा अपेक्षित सफलता हासिल नहुने र कहिले काहि यस्ता विकास आयोजनाहरूमा विवाद र द्वन्दको स्थिति सिर्जना हुन्छ । वातावरण तथा जैविक बिविधताको संरक्षणको लागि सञ्चालित विभिन्न राष्ट्रिय निकुञ्जहरूबाट त्यस क्षेत्रका रैथाने आदिवासी जनजाति तथा अन्य समुदायहरूलाई पुग्न गएको क्षतिका कारणले राष्ट्रिय निकुञ्ज तथा विकास आयोजनाहरूप्रति नकारात्मक धारणा विकास भएको पाइन्छ । आदिवासी जनजातिको सहकार्य र सहभागितामा स्थानीय निकुञ्जहरूको व्यवस्थापन गरिएमा वातावरण र जैविक विविधताको संरक्षण तथा संवर्द्धन गर्न सकिन्छ भन्ने कुराको बुझाई हुन नसक्नु नै प्रमुख समस्या हो । यी सम्पूर्ण समस्याहरुको समधान गर्न अनेकन जटिलताहरु रहेकाले समस्याहरुको समयमै निकास निकै चुनौतीपूर्ण छ ।

### ५.४ उद्देश्य

सहभागिता, प्रतिनिधित्व, परार्मश र स्वतन्त्र, अग्रिम र सुसूचित मन्जुरी सम्बन्धी व्यवस्थालाई परिमार्जन एवं सुदृढीकरण गर्नु ।

### ५.५ रणनीति

१. आदिवासी जनजातिको अधिकारलाई प्रभावित पार्ने र उनीहरुको सरोकार रहने सरकारका सबै तहका निर्णय प्रकियामा सम्बन्धित आदिवासी जनजातिले आफ्ना परम्परागत संस्थाका प्रतिनिधित्व सुनिश्चित गर्ने ।

२. आदिवासी जनजातिका परम्परागत संस्था क्रियाशिल नभएको अवस्थामा उनीहरुको परम्परागत संस्थाको प्रतिनिधित्व सुनिश्चित गर्ने ।
३. आदिवासी जनजातिसँग प्रत्यक्ष सम्बन्ध रहने तथा उनीहरुलाई प्रभावित पार्ने विषयमा निर्णय लिनु अगावै उनीहरुको स्वतन्त्र अग्रिम सुसुचित मन्जुरी कायम गर्ने पद्दति स्थापित गर्ने ।
४. आदिवासी जनजातिका प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार रहने विषयहरुमा गरिने निर्णय प्रक्रियामा सार्थक परामर्श लिइने व्यवस्था गर्ने ।

**५.६ कार्यक्रम**

(१) सरकारका विभिन्न निकाय तथा तहमा आदिवासी जनजातिको प्रतिनिधित्वको अवस्था सम्बन्धी अध्ययन ।
(२) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुमा समावेशी प्रतिनिधित्व सम्बन्धी कानूनहरु संशोधन ।
(३) परम्परागत संस्थाहरु सम्बन्धी अध्ययन ।
(४) आदिवासी जनजातिका परम्परागत संस्थाको सुदृढिकरण ।
(५) परम्परागत संस्था नभएका आदिवासी जनजातिको प्रतिनिधित्व गराउने व्यवस्था ।
(६) स्वतन्त्र, अग्रिम र सुसूचित मन्जुरी कायम गर्ने पद्धतिको स्थापना र सुदृढिकरण ।
(७) आदिवासी जनजातिसँग परामर्श लिने पद्धतिको विकास

**कार्यन्वयन कार्ययोजना**
**सहभागिता, प्रतिनिधित्व, परामर्श, तथा स्वतन्त्र, अग्रिम र सुसूचित मन्जुरी**

| सि.नं. | उद्देश्य | रणनीति | कार्यक्रम/क्रियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| १ | सहभागिता, प्रतिनिधित्व, परामर्श र स्वतन्त्र, अग्रिम र सुसूचित मन्जुरी सम्बन्धी व्यवस्थालाई सुदृढीकरण गर्नु । | आदिवासी जनजातिको अधिकारलाई सुनिश्चित गर्न सरकारका सबै तहका निर्णय प्रक्रियामा सम्बन्धित आदिवासी जनजातिले आफ्नै परम्परागत संस्थाको प्रतिनिधित्व सुनिश्चित गर्ने । | (१) सरकारका विभिन्न निकायमा आदिवासी जनजातिको प्रतिनिधित्वको अवस्था सम्बन्धी अध्ययन गरी कानून संशोधन ।<br>(२)आदिवासी जनजातिका परम्परागत संस्थाको सुदृढीकरण । | (१) सरकारका तीनै तहमा आदिवासी जनजातिको प्रतिनिधित्व देखाउने प्रतिवेदन ।<br>(२) आदिवासी जनजातिका परम्परागत संस्थाहरु क्रियाशील हुने । | १ बर्ष<br>३ बर्ष | संघीय सरकार प्रदेश सरकार स्थानीय सरकार |
| | | (२) आदिवासी जनजातिका परम्परागत संस्था क्रियाशिल नभएको अवस्थामा उनीहरुले आफ्नै स्वतन्त्र प्रक्रिया वमोजिम चयन गरेका प्रतिनिधिहरुको सार्थक प्रतिनिधित्व सुनिश्चित गर्ने । | परम्परागत संस्था नभएका आदिवासी जनजातिका आफ्नै प्रक्रियाअनुसार चयन गरिएको प्रतिनिधित्वको लागि कानूनी वा नीतिगत व्यवस्था अनुरुप सम्बन्धित आदिवासी जनजातिको प्रतिनिधित्वको सुनिश्चितता | परम्परागत संस्था नभएका आदिवासी जनजातिका प्रतिनिधत्व गराउने व्यवस्था हुने । | ३ बर्ष | संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, आदिवासी जनजातिको क्षेत्रमा काम गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरु |
| | | (३) आदिवासी जनजातिसंग | स्वतन्त्र, अग्रिम र सुसूचित मन्जुरी कायम | स्वतन्त्र, अग्रिम र सुसूचित मन्जुरी | २ बर्ष | संघीय सरकार, प्रदेश सरकार, |

| सि.नं. | उद्देश्य | रणनीति | कार्यक्रम/क्रियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| | | प्रत्यक्ष सम्बन्ध रहने तथा उनीहरुलाई प्रभावित पार्ने विषयमा निर्णय लिन अगावै उनीहरुको स्वतन्त्र, अग्रिम र सुसूचित मन्जुरी कायम गर्ने पद्दति स्थापित गर्ने । | गर्ने पद्धतिको स्थापना र सुदृढीकरण । | कायम गर्ने पद्धतिको स्थापना र सुदृढीकरण हुने । | | स्थानीय सरकार |
| | | (४) आदिवासी जनजातिलाई प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार रहने विषयहरुमा गरिने निर्णय प्रक्रियामा सार्थक परामर्श लिइने व्यवस्था गर्ने । | आदिवासी जनजातिसँग परामर्श लिने पद्धतीको विकास | आदिवासी जनजातिसँग परामर्श बाध्यकारी हुने । | २ बर्ष | संघीय सरकार<br>प्रदेश सरकार<br>स्थानीय सरकार<br>आदिवासी जनजातिको क्षेत्रमा काम गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्था |

## परिच्छेद ६
## भूमि, भू-क्षेत्र तथा प्राकृतिक स्रोत साधन

### ६.१. विषय प्रवेश

आदिवासी जनजातिको सांस्कृतिक एव्म सामाजिक प्रथा परम्पराहरुको आधारमा भूमि तथा प्राकृतिक स्रोत साधनहरूमा अधिकार निर्धारित हुन्छ । यस्ता अधिकारहरु सामुहिक (collective) प्रकृतिका हुन्छन्, जस अन्तर्गत यी स्रोत साधनहरूमा आश्रित व्यक्ति विशेषको पनि अधिकार संरक्षित रहन्छ । वि.सं. २०२१ सम्म नेपालको कानून तथा नीतिहरूले आदिवासी जनजातिको सामुदायिक अधिकार भूमि, भू–क्षेत्र तथा प्राकृतिक स्रोत साधन उपरको अधिकारलाई कतिपय क्षेत्रमा मान्यता दिएको थियो । पछिल्लो समयमा वि.सं. २०५५ मा नापी हुन भन्दा अगाडिसम्म संखुवासभा लगायतका जिल्लाहरुमा आदिवासी जनजातिको भूमिमा सामुहिक अधिकार रहेको थियो । वन तथा प्राकृतिक स्रोत साधनलाई राज्यले नै व्यवस्थित र संरक्षित गर्ने उद्देश्य राखी ऐन, नीति, नियम तर्जुमा गर्न थाले पछि यस्ता स्रोतसाधनहरू माथि समुदायले विकास, संरक्षण, व्यवस्थापन र नियन्त्रण गर्न पाउने सामुहिक अधिकार गुम्न गएको देखिन्छ । वि.सं. २०२१ सालमा भूमि सम्बन्धी ऐन जारी गरी भूमि माथिको सामुहिक स्वामित्वलाई वैयक्तिक स्वामित्वमा रूपान्तरण गरेको देखिन्छ । तत्काल प्रचलनमा रहेका कानूनी व्यवस्थाले आदिवासी जनजातिलाई उनीहरूको भूमि तथा प्राकृतिक स्रोत साधनबाट वञ्चित गरिएको कारण उनीहरू सामाजिक, आर्थिक, सांस्कृतिक विकासमा पछाडी रहेका देखिन्छ । प्रचलित ऐन कानूनहरूको व्यवस्थाले अधिकांश सामुदायिक स्वामित्वमा रहेका भूमि तथा प्राकृतिक स्रोत साधनको स्वामित्वलाई मान्यता नदिएता पनि आजसम्म आदिवासी जनजातिले कतिपय स्थानहरूमा भूमि तथा प्राकृतिक स्रोत साधन (नदी, खोला, पोखरी, सीमसार, वन, जङ्गल आदि) को विकास, व्यवस्थापन, संरक्षण र सम्र्वद्धन गर्दै आइरहेका छन् । यी स्रोतसाधनहरु उनीहरूको जीवन निर्वाह, सांस्कृतिक तथा धार्मिक संस्कार लागि अपरिहार्य छन् भन्ने विषयमा सचेत छन् ।

### ६.२ वर्तमान स्थिति

### ६.२.१. भूमि

आदिवासी जनजातिले जीवन निर्वाहका लागि परम्परादेखि खोरिया खेती, वनजङ्गलबाट खानेकुरा, फलफूल तथा जडीबुटी संकलन गर्ने, माछा मार्ने, शिकार खेल्ने, पशुपालन आदि गरी आएका छन् । भूमि तथा प्राकृतिक स्रोतसाधन माथि उनीहरूको पहुँच तथा नियन्त्रणको अधिकार अहरणीय अधिकार अन्तर्गत पर्दछ । भूमि तथा प्राकृतिक स्रोतसाधन आदिवासी जनजातिको जीवन निर्वाहको विकल्पहिन साधनको रूपमा रहेको छ । आजसम्म पनि परम्परागत पेशामा आश्रित राउटे, वनकरिया, चेपाङ, राजी, वोटे, माझी आदि उनीहरूको परम्परागत रूपमा स्वामित्व, कब्जा र हकभोगमा रहेको जमिन, जल, जङ्गललाई वर्तमान नीति, कानून, नियमले संरक्षण सम्वर्द्धन गर्न सकेको छैन ।

कानूनी रुपमा मुलुकी देवानी संहिता २०७४ को दफा २५५ मा स्वामित्व तथा त्यसको प्रयोगको स्वरुपको आधारमा सम्पत्तिको बर्गीकरणमा “सामुदायिक सम्पत्ति” पनि उल्लिखित छ । संहिताको दफा २६४ अनुसार सामुदायिक सम्पत्तिको स्वामित्व, उपभोग, व्यवस्थापन, हक हस्तान्तरण सम्बन्धमा यस ऐनको अन्य परिच्छेदमा तोकिए बमोजिम हुने उल्लेख छ । त्यस्तै संहिताको दफा ३०१ मा कुनै समुदायले आफ्नो प्रयोगको लागि राखेको जग्गा, त्यस्ता जग्गामा बनाएको कुनै संरचना वा समुदायको स्वामित्वमा रहेको अन्य सम्पत्ति सामुदायिक सम्पत्ति मानिने व्यवस्था छ । त्यस्तै संहिताको दफा ३०२(४) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक सम्पत्तिको सम्बन्धमा विवरण संकलन र अद्यावधिक गरी त्यसको एक प्रति सम्बन्धित मालपोत कार्यलयमा पठाउनु पर्नेछ भन्ने पनि व्यवस्था छ । भूमि सम्बन्धी नीति २०७५ मा समुदायले संरक्षण गरेका भूमिलाई सामूहिक भूमिको रुपमा उल्लिखित गरिएको छ ।

आदिवासी जनजातिले भूमि सम्बन्धी निम्न समस्या भोग्न परेको देखिएको छ :

१. आदिवासी जनजातिले परम्परागत रुपमा नै संरक्षण, सम्वर्द्धन र विकास गरी आएका भूमि तथा त्यसमा रहेका स्रोतको प्रष्ट कानूनी मान्यताको अभावले सृजना गरेको असुरक्षा, गरिबी र प्रकट र अप्रकट द्वन्द (Latent and manifested conflict) को अवस्थाबाट गुज्रिरहेका छन् ।
२. अधिकांश आदिवासी जनजाति गरिबीको चपेटामा परेका छन् ।
३. आदिवासी जनजातिको आर्थिक, सामाजिक, सांस्कृतिक विकासमा अवरोध पुगेको छ ।
४. अधिकांश आदिवासी जनजातिको स्वास्थ्य, शिक्षा र रोजगारमा नकारात्मक असर परेको छ ।
५. अधिकांश आदिवासी जनजातिका बालबालिकामा कुपोषण र बाल मृत्यदर बढी र औसत आयु न्यून रहेको छ ।
६. आदिवासी जनजातिको भूमिको सन्तुलित र दिगो व्यवस्थापन गर्ने पद्धति विनाश भएको छ ।

### ६.२.२ वन

आदिवासी जनजातिको वन जङ्गल तथा प्राकृतिक स्रोतसाधन, जैविक विविधता व्यवस्थापन, विकास, संरक्षण र सम्र्बद्धन गर्ने प्रथा परम्परामा आधारित मौलिक तौरतरिका हुन्छ । वनजङ्गललाई आदिवासी जनजातिले उपभोगको विषयवस्तु मात्र नठानी यसलाई सांस्कृतिक, आध्यात्मिक तथा जीवनसँग अभिन्न रूपले जोडिएको विषय ठान्छन् । विगतमा किपट, गुठी, दस्तखत प्रणाली आदि अनुसार आदिवासी जनजातिले वनजङ्गलमा संरक्षकको रुपमा सामुदायिक हिसाबले सबैको कल्याण हुने गरी वनजङ्गलको सुरक्षा, व्यवस्थापन र संरक्षण गरी आएका थिए । वि.सं. २०१३ साल देखि निजी वनहरूलाई राष्ट्रियकरण गर्ने कानून तथा नीति सुरुवात गरियो । यसबाट सामुदायिक संरक्षणमा रहेका वनजङ्गल प्रतिको जिम्मेवारी र दायित्व समाप्त भएर वनजङ्गलप्रतिको धारणामा परिवर्तन भई यसलाई उपभोगको विषयवस्तुको रूपमा हेर्न थालियो । त्यसकारण, वनजङ्गलको विनाश भई वातावरण तथा जैविक विविधतामा असर पुग्न गएको देखिन्छ । यो अवधारणालाई परिवर्तन गर्दै वन ऐन, २०४९ तथा नियमावली, २०५१ मार्फत वन व्यवस्थापन तथा संरक्षणमा समुदायलाई संलग्न गराउने नीति ल्याइयो । लगभग ६-७ दशक अघि राष्ट्रियकरण गरिएको आदिवासी जनजातिका वन हाल सामुदयिक बन बनाउने गरिएता पनि उनीहरुको परम्परागत सामुहिक स्वामित्वमा आउन सकेको छैन ।

हालसम्म जम्मा १४,३३७ वटा सामुदायिक वन उपभोक्ता समूह गठन भई १२ लाख १९ हजार हेक्टर वन क्षेत्र १६ लाख ४७ हजार परिवारहरूलाई हस्तान्तरण गरिएको छ । आ.व २०६४।०६५मा ४८२ वटा सामुदायिक वन हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ । यी व्यवस्थाहरूको बाबजुद आदिवासी जनजातिको परम्परागत सामुदायिक वन संरक्षण गर्ने पद्धतिलाई हालसम्म कानूनमा समेट्न सकेको छैन भने आदिवासी जनजातिको सामुदायिक वनमा पहुँच तथा नियन्त्रण कायम रहेको छैन ।

### ६.३ भूमि तथा वनमा समस्या र चुनौती

१. आदिवासी जनजातिका परम्परागत स्वाभित्व, संरक्षण, विकास र उपयोगमा रहेका सामुदायिक भूमि तथा वनलाई सम्बन्धित समुह वा समुदायको अधिकारको नीतिगत मान्यताको विषय एक जटिल समस्या बनेको छ ।
२. आदिवासी जनजातिको सामुदायिक वन तथा अन्य वनजङ्गलमा पहुँच नहुनाले जीवन निर्वाह, सांस्कृतिक तथा धार्मिक क्रियाकलाप संचालनमा असर परेको छ ।
३. वनजङ्गलको दिगो विकास तथा व्यवस्थापन हुन सकेको छैन ।
४. वनजङ्गललाई उपभोग्य वस्तुको रूपमा मात्र हेरिएको छ ।
५. वनजङ्गल व्यवस्थापनमा आदिवासी जनजातिलाई बहिष्करणमा परेका छन् ।
६. भूमि, वनजंगल र प्राकृतिक स्रोतसाधन खोसिएबाट पुग्न गएको हानि नोक्सानीको क्षतिपूर्ति दिइएको छैन ।
७. आदिवासी जनजातिलाई परम्परागत भूमि, बन तथा प्राकृतिक स्रोतसाधनबाट बन्चितीकरण गर्दै सीमान्तकृत गरिएको छ ।
८. आदिवासी जनजातिको प्राकृतिक स्रोतहरू (वनजङ्गल, जैविक विविधता आदि) माथिको अधिकार तथा परम्परागत व्यवस्थापनलाई मान्यता नदिएको कारण वन विनाश तथा वातावरण विनाश तिव्र रुपमा भइरहेको छ ।
९.यस्ता जटील समस्याका निकास गम्भीर चुनौतीका विषय बनेका छन् ।

### ६.४ जलस्रोत

आदिवासी जनजातिले जलस्रोतसग सम्बन्धित नदी, खोला, पोखरी, सिमसार आदिलाई उनीहरूको पहिचान, सांस्कृतिक र आध्यात्मिक धरोहरको रूपमा लिन्छन् । माझी, वोटे, राजी जस्ता आदिवासी जनजातिको जीवन निर्वाह जलस्रोतमा आधारित रहेको छ । महासन्धि नं. १६९ ले यस्ता जलस्रोतको विकास, व्यवस्थापन र संरक्षणमा आदिवासी जनजातिलाई नकारात्मक असर नपारी उनीहरूको सहभागिता र सहमतिमा गर्नुपर्ने व्यवस्था गरेको छ । जलस्रोतको विकास तथा व्यवस्थापन सम्बन्धी प्रचलित कानून, नियम तथा नीतिहरूले प्राकृतिक तथा कानूनी व्यक्तिको नाममा खोला दर्ता गर्ने, नदी तथा घाटहरू राजस्वको लागि ठेक्कामा दिने व्यवस्था गरेको कारण जलस्रोत सम्बन्धी जलबिद्युत, खानेपानी परियोजना तथा ठेक्कापट्टा सम्बन्धी व्यवस्थाले आदिवासी जनजातिलाई अपेक्षित रूपमा फाइदा नपुऱ्याएको मात्र नभई विस्थापन गरेको, वातावरण विनाश जस्ता नकारात्मक असरहरू पारेको देखिन्छ ।

### ६.५ समस्या र चुनौती

१. जलस्रोत विकास आयोजनाहरुका कारण आदिवासी जनजाति विस्थापनमा परेका छन् ।

२. जलस्रोत सम्बन्धी विद्यमान नीति तथा कार्यक्रम अनुसार संचालित परियोजनाहरुबाट आदिवासी जनजाति समुदायको भू-भागमा वातावरण विनाश तथा परम्परागत पेसा व्यवसायमा असर परेको छ ।

३. हालको जलस्रोत सम्बन्धी कानून अनुरुप संचालित परियोजनाहरुले आदिवासी जनजातिलाई सांस्कृतिक तथा धार्मिक क्रियाकलाप संचालन गर्नमा  वाधा पारेको छ ।

४. जलस्रोत सम्बन्धी नीति तथा कार्यक्रम, आयोजना तथा परियोजनाहरुले आदिवासी जनजातिमा गरिबी, बेरोजगारी, अशिक्षा, स्वास्थ्य समस्या बढाएको छ ।

५. जलस्रोत विकास नीतिले आदिवासी जनजातिको अधिकारलाई मान्यता नदिएकाले  द्वन्द्वलाई बढाएको छ ।

६. जलस्रोतको व्यवस्थापनमा आदिवासी जनजातिलाई बहिष्करणमा पारिएको छ ।

७. जलस्रोत आयोजनाहरुले भूमि, आर्थिक, सामाजिक, सांस्कृतिक हानि नोक्सानीको उचित मुआब्जा तथा क्षतिपूर्ति दिएको छैन ।

८. जलस्रोत सम्बन्धी प्रचलित कानून तथा विकास नीतिले आदिवासी जनजातिलाई वेवास्ता गरेको हुदाँ उनीहरू तीव्र रुपमा  सीमान्तकृत भइरहेका छन्  ।

९. जलस्रोत सम्वन्धी आयोजनाबाट आदिवासी जनजाति समुदायमा परेको समस्याको निराकरण जटिल र चुनौतीपूर्ण छ ।

## ६.६ उद्देश्यहरु

**६.६.१** आदिवासी जनजाति समुदायले परम्परागत रुपमा भोग चलन गरी आएको भूमिको स्वामित्व र त्यससग सम्वन्धित सांस्कृतिक तथा धार्मिक पक्षको संरक्षण गर्नु ।

६.६.२ परम्परादेखि  आदिवासी जनजाति समुदायले जीवन निर्वाहका लागि उपयोग गरी आएको वन तथा जलस्रोतको स्वामित्व र पहुँच सुनिश्चित गर्नु ।

## ६.७ रणनीति

६.७.१ आदिवासी जनजातिको पहिचान, विकास तथा सवलीकरणको लागि उनीहरुले भोग चलन गरी आएको परम्परागत भूमि माथिको स्वामित्व प्रत्याभूत गर्ने ।

६.७.२ आदिवासी जनजाति समुदायको भूमि तथा प्रकृतिसँगको धार्मिक एवं सांस्कृतिक सम्बन्धलाई प्रर्बद्धन गर्ने ।

६.७.३ आदिवासी जनजाति समुदायको सहकार्यमा उनीहरु बसोबास गरेका क्षेत्रको वातावरण संरक्षण गर्दै परम्परागत स्वामित्व र पहुँच सुनिश्चित गर्ने ।

६.७.४ आदिवासी जनजनातिको बसोबास क्षेत्रमा उनीहरुको विकास आयोजनामा अर्थपूर्ण सहभागिता, अग्रिम सुसूचित स्वतन्त्र मञ्जुरी सुनिश्चित गर्दै वातावरण संरक्षण तथा जैविक विविधता कायम गर्ने ।

६.७.५ आदिवासी जनजाति समुदायको क्षेत्रमा रहेका आनुवांशिक स्रोतहरुको विकास, उपयोग र लाभांश वितरण उनीहरुको अग्रिम सुसूचित स्वतन्त्र मञ्जुरीमा गर्ने ।

६.७.६ आदिवासी जनजातिको सहकार्य र सहभागितामा सम्वन्धित क्षेत्रको जलस्रोत (नदी, खोला, सीमसार, पोखरी, झरना आदि) को व्यवस्थापन, संरक्षण,  दिगो विकास र लाभांशको समन्यायिक वितरण गर्ने ।

## ६.८ कार्यक्रम

(१) भूमि सम्बन्धी कानून र परम्परगतरुपमा भोग चलन गरी आएको भूमिको पहिचान र पुनरावलोकन ।

(२) भूमि सम्बन्धी कानूनहरुमा संशोधन ।

(३) स्वामित्व छुटेका भूमिहरुको नापी नक्शा र स्वामित्व प्रदान ।

(४) आदिवासी जनजातिको भूमि र प्राकृतिक स्रोतमाथिको सांस्कृतिक र धार्मिक सम्बन्धको  प्रवर्द्धन ।

(५) भूमिहीन तथा भू-स्वामित्वको अधिकार नपाएका आदिवासी जनजातिलाई भूमि वितरण तथा अधिकार प्रदान ।

(६) आदिवासी जनजाति क्षेत्रको वन तथा वातावरण संरक्षण र उपयोग सम्बन्धी कानूनी व्यवस्था संशोधन गर्ने विशेष योजना ।

(७) आदिवासी जनजातिको सहभागितामा जैविक विविधता संरक्षण तथा व्यवस्थापन ।

(८) आनुवांशिक स्रोतको लाभ वितरणमा आदिवासी जनजातिका लागि समन्यायिक पहुँच सहितको  कानून तर्जुमा ।

(९) जलस्रोतको उपयोग, विकास र लाभांश वितरणमा आदिवासी जनजातिको पहुँच र सहभागिता सहितको कानून तर्जुमा तथा संशोधन ।

(१०) जलस्रोत विकासबाट आदिवासी जनजाति तथा स्थानीय जनताहरुलाई पर्न गएका असरको न्यायोचित मुआब्जा तथा क्षतिपूर्ति वितरण ।

## कार्यान्वयन कार्ययोजना
### भूमि

| स.नं. | उद्देश्य | रणनीति | कार्यक्रम क्रियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| १<br>२ | आदिवासी जनजातिले परम्परागत रुपमा भोगी चर्ची आए को भूमिको सांस्कृतिक तथा आध्यात्मिक सम्बन्ध संरक्षण गर्नु । | आदिवासी जनजातिको अस्तित्व, पहिचान र सर्वाङ्गीण विकासको लागि उनीहरुले भोगी चर्ची आएको परम्परागत भूमिमाथिको स्वामित्व प्रत्याभूत गर्ने । | (१) परम्परगतरुपमा भोगीचर्ची आएको भूमिको पहिचान र भूमि सम्बन्धी कानूनको पुनरावलोकन ।<br>(२) वर्तमान भूमि सम्बन्धी कानूनहरुमा संशोधन ।<br>(भूमि सम्बन्धी ऐन, २०२१, भु उपयोग ऐन, २०७६, भू तथा जलाधार संरक्षण ऐन २०३९)<br>(३) स्वमित्व छुटेका भूमिहरुको नापी नक्शा र स्वामित्व प्रदान । | (१) आदिवासी जनजातिले भोगी चर्ची आएको भूमिको पहिचान र संरक्षण हुनेछ ।<br>(२) आदिवासी जनजातिको भूस्वामित्व रक्षाका लागि सम्बन्धित कानूनहरुमा संशोधन भएका हुनेछ ।<br>(३) आदिवासी जनजातिका नाप नक्शा भई दर्ता छुट वा नाप नक्शा गर्न छुटेका जग्गा जमिनको नाप नक्शा भई स्वामित्व कायम भएको हुनेछ । | (१) ३ बर्ष भित्र<br>२)४ बर्ष भित्र<br>(३) ५ बर्षभित्र | (१) तीनै तहका सरकारका भूमि सम्बन्धी जिम्मेवार निकायहरु<br>(२)तीनै तहका सरकारका भूमि सम्बन्धी जिम्मेवार निकायहरु<br>(३) तीनै तहका सरकारका भूमि सम्बन्धी जिम्मेवार निकायहरु |
| | | | (४) भूमिहीन तथा भू-स्वामित्वबाट वञ्चित आदिवासी जनजातिलाई स्वामित्व प्रदान गर्ने । | भू-स्वामित्वबाट वञ्चित भएकाले जग्गा वा क्षतिपूर्ति पाएको हुने | ५ बर्ष | तीनै तहका सरकारका भूमि सम्बन्धी जिम्मेवार निकायहरु |
| | | आदिवासी जनजातिको भूमि तथा प्रकृतिसंगको आध्यात्मिक एवं सांस्कृतिक सम्बन्धलाई सम्मान गर्दै प्रर्बद्धन गर्ने । | आदिवासी जनजातिको आध्यात्मिक तथा सांस्कृतिक सम्बन्ध रहेका वन, भू-क्षेत्र, प्राकृतिक स्रोत साधन, पानीको मूल, सीमसार, नदीनाला, तलाउ लगायतका प्राकृतिक सम्पदाहरु आदिवासी जनजातिको तदारुकतामा पहिचान, विशेष संरक्षण र व्यवस्थापन | आदिवासी जनजातिको भूमि र प्राकृतिक स्रोत माथिको सांस्कृति र आध्यात्मिक सम्बन्धको प्रवर्द्धन हुने | ३ बर्ष | तीनै तहका सरकारहरु |

### वन

| स.नं. | उद्देश्य | रणनीति | कार्यक्रम क्रियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| १ | आदिवासी जनजातिले | आदिवासी जनजाति बसोबास क्षेत्रको | आदिवासी जनजाति बसोबास क्षेत्रको प्राकृतिक | आदिवासी जनजाति बसोबास क्षेत्रको | ३ बर्ष | तीनै तहका सरकारका |

| स.नं. | उद्देश्य | रणनीति | कार्यक्रम क्रियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| | परम्परागत रुपमा जीवन निर्वाहका लागि उपयोग गरी आएको वनको पहुँच तथा स्वामित्व सुनिश्चित गर्नु । | प्राकृतिक स्रोतको संरक्षण गर्दै सरोकारवालाको सहकार्यमा परम्परागत स्वामित्व र पहुँच सुनिश्चित गरी दिगो उपयोग गर्ने । | स्रोतको संरक्षण गर्दै सरोकारवालाको सहकार्यमा परम्परागत स्वामित्व र पहुँच सुनिश्चित गरी दिगो उपयोग कार्यक्रम । (वन ऐन, २०७६, वातावरण ऐन, २०७६, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९) | प्राकृतिक स्रोतको संरक्षण गर्दै सरोकारवालाको सहकार्यमा परम्परागत स्वामित्व र पहुँच सुनिश्चित गरी दिगो उपयोग हुने | | प्राकृतिक स्रोत सम्बन्धी जिम्मेवार निकाय |
| २ | | आदिवासी जनजनातिको बसोबास क्षेत्रमा उनीहरुको अर्थपूर्ण सहभागिता, अग्रिम सुसूचित स्वतन्त्र मञ्जुरी सुनिश्चित गर्दै वातावरण तथा जैविक विविधता संरक्षण एवं व्यवस्थापन गर्ने । | आदिवासी जनजातिको सहभागितामा जैविक विविधता संरक्षण तथा व्यवस्थापन । | १. जैविक विविधता संरक्षण एबं व्यवस्थापन हुने । २. जैविक विविधता संरक्षण एबं व्यवस्थापनमा आदिवासी जनजातिको सहभागिता सुनिश्चित भएको हुने | ३ बर्ष | तीनै तहका सरकारका बन तथा वातावरण सम्बन्धी जिम्मेवार निकायहरु |
| ३ | | आनुवांशिक स्रोतहरुको विकास, दिगो उपयोग र लाभांश वितरण आदिवासी जनजातिको अग्रिम सुसूचित स्वतन्त्र मञ्जुरीमा गर्ने । | (१) आनुवांशिक स्रोतको लाभको बांडफँडका लागि आदिवासी जनजातिलाई समन्यायिक पहुँच सहितको कानून तर्जुमा । | आनुवांशिक स्रोतको समन्यायिक पहुँच सुनिश्चत भएको हुनेछ । | ३ बर्ष | तीनै तहका सरकारका बन तथा वातावरण सम्बन्धी जिम्मेवार निकायहरु आयोजनाहरु |

**जलस्रोत**

| क्रसं | उद्देश्य | रणनीति | कार्यक्रम क्रियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| १ | आदिवासी जनजातिले परम्परादेखि विभिन्न प्रयोजनको लागि उपयोग गरी आएको जलस्रोत माथीको पहुँचको | आदिवासी जनजातिसँगको सहकार्य र सहभागितामा उनीहरू बसोबास गरेका भू-क्षेत्रमा जलस्रोतको दिगो व्यवस्थापन, संरक्षण, विकास र लाभांशको समन्यायिक वितरण गर्ने । | (१) जलस्रोतको उपयोग, विकास र लाभांश वितरणमा आदिवासी जनजातिको पहुँच र नियन्त्रण सहितको कानून तर्जुमा तथा संशोधन । | (१) जलस्रोतको उपयोग, विकास र लाभांश वितरण सम्बन्धमा कानून निर्माण र संशोधन हुने | ३ बर्ष | (१)तीनै तहका सरकारका जलस्रोत तथा वातावरण सम्बन्धी जिम्मेवार निकायहरु |

| क्रसं | उद्देश्य | रणनीति | कार्यक्रम क्रियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| | निरन्तरता कायम राख्नु । | | | | | |
| २ | | | (२)जलस्रोत विकास आयोजनाबाट प्रभावित आदिवासी जनजाति तथा स्थानीयलाई न्यायोचित मुआब्जा तथा क्षतिपूर्ति वितरण । | (२) न्यायोचित मुआब्जा तथा क्षतिपूर्ति प्राप्त हुने । | १ बर्ष | तीनै तहका सरकारका जलस्रोत तथा वातावरण सम्बन्धी जिम्मेवार निकायहरु |

## परिच्छेद ७
## परम्परागत पेशा र व्यवसाय

### ७.१ विषय प्रवेश

आदिवासी जनजातिका परम्परागत ज्ञान र सीपमा आधारित पेशा र व्यवसाय जीवन निर्वाहका प्रमुख साधन हुन्, जुन संस्कृति र जीवन शैलीका अभिन्न अंग बनेका छन् । यस्ता पेशा-व्यवसायले उनीहरुको सभ्यताको प्रतिनिधित्व गर्दछ । भूमि, प्रकृति र प्राकृतिक बस्तुसँग अभिन्न रुपले जोडिएका परम्परागत पेशा-व्यवसायका उत्पादनहरु सामुहिकता, पारस्परिकता र समपुरकताका प्रतीक हुन् ।

### ७.२ वर्तमान स्थिति

आदिवासी जनजातिको परम्परागत ज्ञान र सीपमा आधारित हस्तकला, प्रष्तरकला, काष्ठकला आदि समुदायमा आधारित उद्योगहरूले उनीहरूको संस्कृतिलाई निरन्तरता दिने र स्वरोजगार तथा आर्थिक रूपमा आत्मनिर्भर वनाउन महत्वपूर्ण भूमिका निर्वाह गरी आएका छन् । यी सीप र व्यवसाय आदिवासी जनजातिको अर्थतन्त्रको प्रमुख हिस्सा हो । नेपालको संविधानको धारा ५१ मा आदिवासी तथा स्थानीय समुदायको परम्परागत ज्ञान सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने राज्यको नीति रहने उल्लेख छ ।

### ७.३ समस्या र चुनौतीहरु

प्रोत्साहनको अभावमा आदिवासी जनजातिको परम्परागत ज्ञान र सीपमा आधारित सांस्कृतिक तथा आत्मनिर्भरको क्रियाकलाप लोप हुँदै गएको छ । उचित वजार व्यवस्थापन, आर्थिक र प्राविधिक सहयोगको अभावमा परम्परागत ज्ञान र सीपमा आधारित उत्पादन (हस्तकला, प्रस्तरकला, काष्ठकला आदि) को विस्तार हुन नसक्दा रोजगारीमा प्रभाव परीरहेको छ । परम्परागत ज्ञान सीपमा आधारित बौद्धिक सम्पत्ति र जैविक विविधताको संरक्षण सम्बन्धी स्पष्ट ऐन तथा नीति निर्माण हुन सकेको छैन । यी समस्याहरुको निराकरण गरी आदिवासी जनजातिको जीवन स्तरमा सुधार ल्याउनु चुनौती रहेकोछ ।

### ७.४ कार्ययोजनाका उद्देश्यहरू

नेपाल सरकारले आदिवासी जनजातिको परम्परागत ज्ञान र सीपमा आधारित पेशा, व्यावसायको प्रवर्द्धनको लागि नीति तथा कार्यक्रम र बजेट विनियोजनद्वारा जीवनस्तरमा सुधार ल्याई राष्ट्रिय अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने ।

### ७.५ रणनीति

७.५.१ आदिवासी जनजातिका परम्परागत ज्ञान र सीपमा आधारित आर्थिक अभ्यास (Traditional Economic Practices) लाई कानूनी तथा नीतिगत रुपमा संरक्षण गर्ने ।

७.५.२ आदिवासी जनजातिलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन र उनीहरुको पम्परागत पेशा तथा व्यवसायलाई आधुनिकीकरण, व्यवसायीकरण र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारीकरण गर्ने ।

### ७.६ कार्यक्रम

(१) आदिवासी जनजातिका परम्परागत ज्ञान र सीपमा आधारित आर्थिक क्रियाकलाप संरक्षण र प्रबर्द्धनको लागि कानूनी र नीतिगत सुधार ।

(२) आदिवासी जनजातिको परम्परागत व्यवसायिक समूह निर्माण ।

**कार्यान्वयन कार्ययोजना**

## परम्परागत पेशा तथा व्यवसाय

| क्र.सं | उद्देश्य | रणनीति | कार्यक्रम /कियाकलापहरु | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| | आदिवासी जनजातिका परम्परागत ज्ञान, सीपमा आधारित आर्थिक कृयाकलापलाई संरक्षण गर्ने । | (१) आदिवासी जनजातिका परम्परागत ज्ञान, सीपमा आधारित आर्थिक कृयाकलापलाई कानूनी तथा नीतिगत रुपमा संरक्षण गर्ने । | (१) आदिवासी जनजातिका जीविको पार्जन र जीवनस्तर सुधारका आयमूलक कार्यक्रम संचालन | कानूनी तथा नीतिगत सुधार सहित जीवनस्तर अभिवृद्धी | ३ बर्ष | संघ, प्रदेश तथा स्थानीय सरकारका निकाय |
| | | (२) आर्थिक रुपमा आत्मनिर्भर बनाउन पम्परागत पेशा-व्यवसायको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण गर्ने । | (२) पम्परागत पेशा-व्यवसाय र उद्यमशीलताको संरक्षण र प्रबर्द्धन<br>(३) परम्परागत व्यवसायी समुह गठन र सञ्चालन | (१) आर्थिक क्रियाकलाप सुदृढ र उन्नत हुने<br>(२) समुदायस्तरमा उद्यमशीलता विकास भई उत्पादन सुरु हुने ।<br>३)व्यवसायीहरुको संगठीत समुह हरु गठन । | (१) ३ बर्ष<br>(२) २ बर्षे हुनेछ | प्रदेश तथा स्थानीय सरकार सम्बन्धित मन्त्रालय र निकाय<br>प्रदेश तथा स्थानीय सरकार सम्बन्धित मन्त्रालय र निकाय<br>प्रदेश तथा स्थानीय सरकार सम्बन्धित मन्त्रालय र निकाय |

## परिच्छेद ८
## मर्यादित काम र रोजगारी

### ८.१ विषय प्रवेश

बहुसङ्ख्यक आदिवासी जनजातिका मुख्य पेशा कृषि हो । नेवार, थकाली, शेर्पा र गुरुङ जस्ता समुदायहरू उद्योग तथा व्यापारमा पनि लागेका छन् । राउटे, कुशबाडिया, बनकरिया, चेपाङ, राजी लगायतका आदिवासी जनजाति अझै पनि शिकार खेल्ने तथा वनजङ्गलबाट खानेकुराहरू बटुल्ने गर्छन् । माझी, राजी, बोटे आदि जातिहरू माछा मार्ने डुङ्गा तार्ने आदि पेसा व्यवसाय गर्छन् । राउटेहरू काठको र कुमालहरू माटोको भाँडाहरू बनाई जीविकोपार्जन गर्छन् । यी कामहरु मौसमी र आर्थिकरुपले कम आय आर्जन हुने पेशा हुन् ।

नेपालले आई.एल.ओ. महासन्धि नं. १६९, मर्यादित रोजगारी सम्बन्धी अन्तर्राष्ट्रिय मानवअधिकार सन्धी तथा श्रम सङ्गठनको अन्य महासन्धिको अनुमोदन गरी पक्ष राष्ट्र बनेको छ । यी कानूनहरुले श्रम तथा रोजगार सम्बन्धी मार्गदर्शन र निर्देशिकाको कार्यान्वयन गर्न दायित्व सिर्जना गरेको छ । उत्पादनशील तथा मर्यादित रोजगारीमा आदिवासी जनजातिको पर्याप्त पहुँच र सहभागिता हुन सकेको छैन् ।

### ८.२ वर्तमान स्थिति

श्रम तथा रोजगार ऐनहरूमा आदिवासी जनजाति कामदारहरूको बारेमा स्पष्ट व्यवस्था भएको पाइँदैन । रोजगारीका सम्भावित क्षेत्रहरू निजामती प्रशासनिक, कानून र अन्य क्षेत्रहरूमा आदिवासी जनजातिको उपस्थिति न्यून रहेको छ । श्रम शक्तिलाई रोजगारमा लगाउन प्राविधिक, ब्यावसायिक र सीपमूलक तालिमका अवसरबाट आदिवासी जनजाति लाभान्वित हुन सकेका छैन । नेपालको संविधानको धारा ३३ मा रोजगारीको मौलिक हकको ब्यवस्था, सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै स्वदेशमा नै रोजगारी अभिबृद्धि गर्ने व्यवस्था छ ।

### ८.३ समस्या र चुनौती

१. परम्परागत व्यवसाय र त्यसबाट सिर्जित रोजगारीबाट आदिवासी जनजाति समुदाय विस्थापित भई बेरोजगारी बढेको छ ।
२. हाल उपलब्ध रोजगारीको क्षेत्रमा आदिवासी जनजातिको उपस्थिति न्यून भएकोले उनीहरु गरिबी, अशिक्षा, स्वास्थ्य समस्याले जकडिएका छन् ।
३.आदिवासी जनजातिका मौलिक उत्पादनबाट राज्यको आर्थिक अवस्था सुधार हुन सक्ने अवस्थाबाट देश वञ्चित छ ।
४.आदिवासी जनजाति आधुनिक पेशा-व्यवसाय तथा रोजगारी अनुकुल ज्ञान सीप आर्जन गर्न वञ्चित छन् ।
५.पेशा र रोजगार सम्बन्धी ऐन, कानून तथा नीति नियमहरु आदिवासी जनजाति संस्कृतिमैत्री छैनन् ।
६. आदिवासी जनजाति श्रमिकहरु विविध प्रकारको विभेद र शोषणका कारण असुरक्षित र जोखिमपूर्ण काममा लाग्न बाध्य भएकाले मर्यादित काम पाउन सकेका छैनन् ।
७. श्रम शक्तिको जातिगत आधारमा खण्डीकृत तथ्यांक छैन ।
८. परम्परागत पेशाबाट जीविकोपार्जन हुन नसक्दा अन्य पेशा अगाल्दै जाने प्रवृति वढ्दो छ ।

यी सबै समस्याहरुको निराकरण चुनौतीपूर्ण छ ।

### ८.४ उद्देश्यहरू

आदिवासी जनजाति समुदायका लागि मर्यादित काम र रोजगारी सुनिश्चित गर्नु ।

### ८.५ रणनीति

(१) आदिवासी जनजातिको मर्यादित पेशा र रोजगारी सम्बन्धी अवस्था, समस्या र समधानबारे अध्ययन गर्ने ।
(२) आदिवासी जनजाति कामदार माथि हुने सवै प्रकारको अन्याय र भेदभाव रोक्न एव्म अधिकार उल्लंघनमा उपचार प्रदान गर्न तथा उनीहरुका श्रम सम्वन्धी अधिकारलाई संरक्षण गर्न प्रभावकारी कानून, नीति र संयन्त्र निर्माण गर्ने ।
(३) मर्यादित श्रम तथा रोजगारीको क्षेत्रमा आदिवासी जनजातिको रोजगारीको संबैधानिक हक कार्यान्वयन गर्ने ।
(४) आदिवासी जनजाति श्रमिकहरुको सीप, दक्षता र ज्ञान अभिबृद्धि गरी श्रम तथा रोजगारी प्राप्त गर्ने अवस्था सुनिश्चित गर्ने ।
(५) परम्परागत ज्ञानर सिपमा आधारित वस्तु तथा सेवाको प्रयोग बढाउन प्रोत्साहित गर्ने कृयाकलाप सञ्चालन गर्ने

**८.६ कार्यक्रम**

(१) आदिवासी जनजातिको मर्यादित पेशा र रोजगारी सम्बन्धी अध्ययन ।

(२) आदिवासी जनजाति श्रमिक उपर हुने भेदभाव रोक्न श्रम तथा रोजगार सम्बन्धी कानून र नीतिगत सुधार ।

(३) आदिवासी जनजातिलाई मर्यादित रोजगार प्रवर्द्धन संयन्त्र निर्माण ।

(४) आदिवासी जनजाति रोजगार विशेष योजना ।

**कार्यान्यवयन कार्ययोजना**

**मर्यादित पेशा र रोजगारी**

| सि.नं. | उद्देश्य | रणनीति | कार्यक्रम/क्रियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| १ | आदिवासी जनजातिको पेशा र रोजगारीलाई मर्यादित वनाई सुनिश्चित गर्नु । | (१) पेशा र रोजगारी मर्यादित र सुनिश्चित वनाउने । | आदिवासी जनजातिको मर्यादित पेशा र रोजगारी सम्बन्धी अध्ययन सर्वेक्षण । | अवस्था विश्लेषण अध्ययन सर्वेक्षण । | २ बर्ष | संघीय तथा प्रदेश सरकारका श्रम तथा रोजगार सम्बन्धित मन्त्रालय |
| | | (२) आदिवासी जनजाति कामदारमाथि हुने विभेदको अन्त्य गर्ने | आदिवासी जनजाति श्रमिक उपर हुने विभेदको अन्त्य गर्न कानूनी र नीतिगत सुधार । | श्रम विभेदको अन्त्य भएको हुने | २ बर्ष | संघीय तथा प्रदेश सरकारका श्रम तथा रोजगार सम्बन्धित मन्त्रालय |
| | | (३) मर्यादित श्रम तथा रोजगारीको क्षेत्रमा आदिवासी जनजातिको रोजगारीको संबैधानिक हक कार्यान्वयन गर्ने । | आदिवासी जनजातिको मर्यादित पेशा तथा रोजगार प्रवर्द्धन संयन्त्र निर्माण । | मर्यादित पेशा तथा रोजगार प्रवर्द्धन संयन्त्र वन्ने । | २ बर्ष | संघीय तथा प्रदेश सरकारका श्रम तथा रोजगार सम्बन्धित मन्त्रालय |
| | | (४) आदिवासी जनजाति श्रमिकहरुको सीप, दक्षता र ज्ञान अभिबृद्धि गरी श्रम तथा रोजगारी प्राप्त गर्ने अवस्था सुनिश्चित गर्ने । | आदिवासी जनजाति रोजगार विशेष कार्यक्रम । | आदिवासी जनजाति रोजगार विशेष कार्यक्रम संचालन हुने | ५ बर्ष | संघीय तथा प्रदेश सरकारका श्रम तथा रोजगार सम्बन्धित मन्त्रालय |

# परिच्छेद ९
# शिक्षा

## ९.१ विषय प्रवेश

शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरूले आदिवासी जनजातिको शैक्षिक स्तर प्रभावकारी रूपमा उठाउन नसकेको तथ्याङ्कले देखाउँछ। मातृभाषामा शिक्षाको व्यवस्था भए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा उनीहरुको शैक्षिक स्तर सन्तोषजनक छैन। माध्यमिक शिक्षामा आदिवासी जनजातिको उपलब्धि निराशाजनक छ भने उच्च शिक्षा तथा प्राविधिक शिक्षामा आदिवासी जनजातिको पहुँच अत्यन्तै सीमित छ। आदिवासी जनजातिको शैक्षिक अवस्था सुधार गर्न मातृभाषामा शैक्षिक कार्यक्रम र स्थानीय पाठ्यक्रमको अभ्यास आवश्यक छ। आदिवासी जनजाति समुदायको शिक्षामा पहुँच बढाउन र उनीहरूको प्रभावकारी र अर्थपूर्ण सहभागिताका लागि आदिवासी जनजाति लक्षित शिक्षा नीति तथा कार्यक्रम ल्याउन आवश्यक देखिन्छ।

## ९ .२ वर्तमान स्थिति :

नेपालको संविधान

● *"नेपालमा वसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ।"* (धारा ३१.५)

● *" नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन र संरक्षण गर्ने हक हुनेछ।"* (धारा ३२.३ )

**शिक्षा ऐन, २०२८ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५)**

● *'प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ।'* ७.२(क)

**स्थानीय सरकार संचालन ऐन, २०७४**

● *मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन तथा नियमन गर्ने (दफा ११.२.ज.४)*

● *भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गर्ने (दफा ११.२.फ)*

**राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३)**

*'आधारभूत शिक्षाको माध्यम मातृभाषा हुनेछ। आधारभूत शिक्षाको प्रथम चरण (कक्षा १-३) सम्म सामान्यतया शिक्षाको माध्यम मातृभाषा हुनेछ। भाषा विषयको शिक्षण गर्दा शिक्षाको माध्यम सोही भाषा हुनुपर्नेछ।'* (३.३.५ आधारभूत शिक्षाको माध्यम)

आधारभूत शिक्षामा आदिवासी जनजाति बालबालिकाको पहुँच पुगेको देखिए तापनि प्राविधिक तथा उच्चशिक्षामा भने पहुँच न्यून हुँदै गएको देखिन्छ। मातृभाषाको माध्यमबाट शिक्षा दिने कार्यक्रम अत्यन्त सुस्त गतिमा बढिरहेको छ। मातृभाषाबाट दिइने शिक्षाको शैक्षिक सामग्रीको उत्पादन गर्ने कार्य अत्यन्त सीमित छ। आधारभूत तह (१-८ कक्षासम्म) मा मातृभाषाको माध्यमबाट शिक्षा दिइने भनिए तापनि त्यसको खास तयारी देखिदैन।

## ९.३. समस्या र चुनौती

(१) आदिवासी जनजाति समुदाय औपचारिक शिक्षामा धेरै पछाडि छन्। भर्ना भएका विद्यार्थीहरु बीचैमा विद्यालय छाड्ने क्रम कम भएको छैन।

(२) मातृभाषाको माध्यमबाट शिक्षा दिने र आदिवासी जनजाति भाषा, लिपि, संस्कृति अनुरूपको जीवनोपयोगी शैक्षिक सामग्री निर्माण गर्ने पद्धतिको विकास हुन सकेको छैन।

(३) मातृभाषामा पाठ्य सामग्री तयार गर्ने कार्य स्तरयुक्त र उपयोगी छैन।

(४) सबै आदिवासी जनजातिका भाषाहरुको लेख्य परम्परा तथा साहित्य निर्माण गर्ने कार्य हुन सकेको छैन।

(५) बहुभाषिक शैक्षिक कार्यक्रम प्रारम्भ भएको एक दशक नाघिसकेको भएता पनि सबै आधारभूत विद्यालयहरुमा कार्यक्रम पुग्न सकेको छैन र मातृभाषी शिक्षक दरवन्दी व्यवस्था हुन सकेको छैन ।

(६) आदिवासी जनजातिको परम्परागत शैक्षिक संस्था र शिक्षा प्रणालीको खोज अनुसन्धान तथा संरक्षण गर्ने कार्य हुन सकेको छैन ।

यी समस्याहरुको निराकरण गरी आदिवासी जनजातिको शैक्षिक स्तरमा सुधार ल्याउनु चुनौती रहेको छ ।

## ९.४. उद्देश्य

९.४.१ आदिवासी जनजातिलाई मातृभाषाको माध्यमबाट आधारभूत शिक्षा प्रदान गर्नु ।

९.४.२ आदिवासी जनजातिको उच्च तथा प्राविधिक शिक्षामा पहुँच अभिबृद्धि गर्नु ।

## ९.५ रणनीति

(१) आधारभूत तहको शिक्षा मातृभाषाको माध्यमबाट दिन शैक्षिक प्रणालीमा सुधार गर्ने ।

(२) मातृभाषामा शिक्षा प्रदान गर्न आदिवासी जनजाति समुदायको संस्कृतिमैत्री पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण, प्रकाशन र वितरण गर्ने ।

(३) मातृभाषी शिक्षक दरवन्दी सृजना गर्ने ।

(४) आदिवासी जनजाति विद्यार्थीको उच्च तथा प्राविधिक शिक्षामा पहुँच बढाउन विशेष कार्यक्रम संचालन गर्ने ।

(५) आदिवासी जनजातिको परम्परागत शैक्षिक संस्था तथा शिक्षा प्रणालीको खोज, अनुसन्धान र संरक्षण गर्ने ।

(६) विद्यालय संचालक समितिमा आदिवासी जनजातिको समानुपातिक सहभागिता सुनिश्चित गर्ने ।

## ९.६ कार्यक्रम/क्रियाकलाप

(१) आधारभूत तहको शिक्षा मातृभाषाको माध्यमबाट दिन शैक्षिक प्रणालीमा सुधार ।

(२) आदिवासी जनजाति संस्कृतिमैत्री पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण, प्रकाशन र वितरण ।

(३) आधारभूत शिक्षा पढाई हुने विद्यालयमा मातृभाषा शिक्षक दरबन्दी सिर्जना ।

(४) उच्च तथा प्राविधिक शिक्षामा आदिवासी जनजातिको पहुँच बढाउन छात्रबृत्ति, कोटा बृद्धि, प्रोत्साहन भत्ता, छात्रबास सुविधा, शैक्षिक ऋण जस्ता कार्यक्रम ।

(५) आदिवासी जनजातिको परम्परागत शैक्षिक संस्था, शिक्षा प्रणालीको खोज अनुसन्धान, संरक्षण र सर्म्बद्धन ।

(६) विद्यालय संचालक समितिमा आदिवासी जनजातिको समानुपातिक सहभागिता सम्बन्धी कानूनी व्यवस्था

**कार्यान्यवयन कार्ययोजना :**
**शिक्षा**

| सि.न. | उद्देश्य | रणनीति | कार्यक्रम/क्रियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| १ | आदिवासी जनजातिलाई मातृभाषाको माध्यमबाट आधारभूत शिक्षा प्रदान गर्ने | (१) आदिवासी जनजाति बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा मातृभाषाको माध्यमबाट दिन शैक्षिक प्रणालीमा सुधार गर्ने । | मातृभाषामा संस्कृतिमैत्री पाठ्यक्रम र पाठ्य सामग्री निर्माण । | मातृभाषाको माध्यमबाट शिक्षा दिने सुधारिएको आधारभूत शिक्षा प्रणाली | २ बर्ष | स्थानीय तह |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | (२) प्रत्येक आधारभूत विद्यालयहरुमा शिक्षक दरबन्दी सृजना गर्ने । | आधारभूत तहमा मातृभाषा शिक्षक दरबन्दीको व्यवस्था | शिक्षक दरबन्दी सृजना र शिक्षक नियुक्ति | ३ बर्ष | स्थानीय तह |
| २ | आदिवासी जनजातिको उच्च शिक्षा तथा प्राविधिक शिक्षामा पहुँच अभिबृद्धि गर्ने । | (३) उच्च तथा प्राविधिक शिक्षामा पहुँच बढाउन विशेष कार्यक्रम सञ्चालन गर्ने । | (१) उच्च तथा प्राविधिक शिक्षामा आदिवासी जनजातिको पहुँच बढाउन छात्रबृत्ति, कोटा बृद्धि, प्रोत्साहन भत्ता, छात्रबास सुविधा, शैक्षिक ऋण आदि कार्यक्रम । | उच्च तथा प्राविधिक शिक्षामा आदिवासी जनजातिको पहुँच अभिबृद्धि हुने | ३ बर्ष | संघ, प्रदेश र स्थानीय सरकार |
| | | (४) आदिवासी जनजातिको परम्परागत शैक्षिक संस्था तथा शिक्षा प्रणालीको संरक्षण गर्ने । | (१) आदिवासी जनजातिको परम्परागत शैक्षिक संस्था तथा शिक्षा प्रणालीको अनुसन्धान । | आदिवासी जनजातिको परम्परागत शैक्षिक संस्था, शिक्षा प्रणालीको अनुसन्धान हुने | २ बर्ष | प्रदेश र स्थानीय सरकार |
| | | | (२) आदिवासी जनजातिको परम्परागत शैक्षिक संस्था, शिक्षा प्रणालीको संरक्षण तथा सर्म्बद्धन | परम्परागत शैक्षिक संस्था पहिचान र संरक्षण हुने | २ बर्ष | प्रदेश र स्थानीय सरकार |
| | | (५) आधारभूत तथा माध्यमिक विद्यालय संचालक समितिमा आदिवासी जनजातिको सहभागिता सुनिश्चित गर्ने । | (१) विद्यालय संचालक समितिमा आदिवासी जनजातिको सहभागिता सम्बन्धी कानूनी व्यवस्था । | विद्यालय संचालक समितिमा आदिवासी जनजातिको सहभागिता हुने | २ बर्ष | प्रदेश र स्थानीय सरकार |

## परिच्छेद १० .
## पुर्नवास र विस्थापन

### १०.१ विषय प्रवेश

विगतदेखि वर्तमानसम्म आदिवासी जनजातिको परम्परागत भूमिमा रहेका प्राकृतिक स्रोत साधनलाई दोहन गर्ने गरी संचालन गरिएका विकास परियोजना, राष्ट्रिय निकुञ्ज स्थापना लगायतका क्रियाकलापले अन्यायपूर्ण रुपमा आदिवासी जनजातिलाई विस्थापन गर्ने कार्यहरु भईरहेका छन् । कतिपय स्थानहरुमा पुर्नबास गराउँदा विभिन्न खालका प्रत्यक्ष वा अप्रत्यक्ष समस्याहरु देखापरेका छन् । आफ्ना सांस्कृतिक, सामाजिक तथा समुदायगत हिसाबले नयाँ ठाउँमा स्थानान्तरण गर्दा उनीहरुको जीविकोपार्जन, जीवन पद्धति तथा अस्तित्वमा गम्भीर संकट उत्पन्न भएको छ । आर्थिक अभाव र गरिबीका कारण जोखिमपूर्ण काम गर्नुपर्ने, शोषणमा पर्ने, र अपराधिक क्रियकलापमा संलग्न हुन बाध्य पारिने अवस्था सिर्जना भएको छ । विस्थापन एवं पुनर्बास कार्यक्रमबाट आदिवासी जनजाति समुदाय मानवीय, कानूनी र मानव अधिकारको दृष्टिकोणले संवेदनशील अवस्थामा छन् ।

### १०.२ वर्तमान स्थिति :

संविधानको धारा २५ ले सम्पत्तिको हकको प्रत्याभूत गरेको छ । धारा २५.२ ले “सार्वजानिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन” भन्ने व्यवस्था छ । धारा ३७ मा आवासको हक प्रत्याभूत गरेको छ । आवासको अधिकार सम्बन्धी ऐन २०७५ को दफा ३ ले प्रत्येक नागरिकलाई उपयुक्त आवास हुने र त्यस्तो अधिकारको संरक्षण, सम्मान र परिपूर्ति ऐन बमोजिम हुने भनिएको छ । सोही ऐनको दफा ७ अनुसार संघ, प्रदेश र स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोतको आधारमा आवासको सुविधा उपलब्ध गराउने व्यवस्था छ । सर्वोच्च अदालतको पूर्ण इजलासबाट सानु श्रेष्ठ विरुद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद भएको उत्प्रेषण मुद्दामा क्षतिपूर्ति विना नागरिकको सम्पत्ति राज्यले विकास निर्माणमा लिन नमिल्ने, आवासबाट विकल्प विहिन अवस्थामामात्र हटाउन पाउने, त्यसको निम्ति आवासको व्यवस्था गर्नुपर्ने र बालबालिका तथा बृद्धबृद्धाको निम्ति विशेष व्यवस्था गर्नुपर्ने, विकासको नाममा सांस्कृतिक सम्पदाको विनास गर्न नमिल्ने र विज्ञ समितिको गठनमार्फत वार्ताबाट जग्गा प्राप्त गर्नुपर्ने निर्देशनात्मक आदेश जारी भएको छ ।

संवैधानिक, कानूनी र अदालतको फैसलाको वावजुद आदिवासी जनजातिको बसोवास रहेको क्षेत्रमा विकास आयोजना तथा उद्योग सञ्चालन गर्दा उनीहरुलाई नकारात्मक असर विस्थापन, वातावरण विनाश र जीविकोपार्जनमा समस्या उत्पन्न भएका छन् । पछिल्लो समयमा आएर जलविद्युत् उत्पादन र प्राकृतिक स्रोत साधनमा आधारित उद्योगहरू सञ्चालन गर्दा आदिवासी जनजाति समुदायलाई प्रत्यक्ष असर परेको छ । त्यस्ता परियोजन तथा उद्योगहरूले पुऱ्याएको हानिको क्षतिपूर्ति दिने विषयमा उनीहरूलाई जानकारी दिने गरिएतापनि सहमति लिने गरिएको छैन । उद्योग तथा परियोजनाहरूमा उनीहरूको सहभागिता र लाभांश प्राप्त गर्ने व्यवस्था गरिएको छैन ।

राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण, शिकार आरक्ष, जलाधार संरक्षण आदि स्थापना तथा विकास निर्माण कार्य गर्दा आदिवासी जनजातिको जमिन जबरजस्ती अधिग्रहण र त्यसबाट पर्न गएको अन्यायको कुनै छानबीन नभई यी कार्यहरुबाट विस्थापित आदिवासी जनजाति हालसम्म पनि अन्यायमा बाँचिरहेका अवस्था विद्यमान छ ।

### १०.२ समस्या र चुनौती

१.आदिवासी जनजाति समुदाय आफ्ना परम्परागत भूमि तथा भू-क्षेत्रको प्राकृतिक स्रोत साधनबाट निरन्तर विस्थापनमा परिरहेका छन् ।

२.आफ्ना भूमिबाट विस्थापन र स्थानान्तरणमा परेका आदिवासी जनजातिलाई न्यायोचित क्षतिपूर्ति वा सहमतिमा अन्य विकल्प दिने काम भएको छैन ।

३.भूमि अधिग्रहणको क्षतिपूर्ति तथा भूमिबाट विस्थापनको विवाद सुन्ने स्थानीयस्तरमा संयन्त्र छैन ।

४.सरकारबाट कुनै प्रयोजनका लागि भूमि तथा स्रोत लिदा सम्बन्धित आदिवासी जनाजातिसँग अग्रिम सुसूचित, परामर्श र सहमतिको व्यवस्था छैन ।

५.आदिवासी जनाजातिको क्षेत्रमा संचालित विकास परियोजनाले आदिवासी जनजाति तथा स्थानीय समुदायलाई अपेक्षित लाभ पुग्न सकेको छैन र यी परियोजनाहरु आदिवासी जनजातिको आत्मनिर्णित विकासको अवधारणा अनुरुप छैन ।

६.प्राकृतिक स्रोत साधन दोहन गर्ने आयोजना सम्बन्धी नीति, कानून र नियमहरु धनाढ्य व्यापारिक बर्गलाई फाइदा पुऱ्याउने तर आदिवासी जनजाति तथा स्थानीय समुदायलाई नकारात्मक असर पार्ने र समुदाय विभाजन गर्ने भएकोले विवाद सिर्जना भएको छ ।

७.परियोजनामा सरोकारवालाको सहभागिता र प्रतिनिधित्व नहुँदा दिगोपन सुनिश्चित हुन सकेको छैन ।

८.परियोजनाबाट अधिकांश आदिवासी जनजातिको मानवअधिकार हनन् भएको छ ।

९.आदिवासी जनजातिको परम्परागत वा प्रतिनिधि मूलक संस्थाहरु मार्फत भन्दा पनि कृतिम प्रतिनिधित्वद्वारा परामर्श र सहमति कायम गर्ने अभ्यास छ ।

**यी सम्पूर्ण समस्याको निराकरण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।**

## १०.३ उद्देश्यः

आदिवासी जनजातिको भूमि अधिग्रहण वा प्राप्ति र पुनर्बास कार्यलाई न्यायोचित बनाउने ।

## १०.४ रणनीति

(१) आदिवासी जनजातिको भूमि अधिग्रहण, प्राप्ति र पुनर्बास कार्यलाई न्यायोचित बनाउन प्रचलित ऐन, नीति र नियममा परिमार्जन गर्ने ।

(२) आदिवासी जनजातिको भूमि अधिग्रहण, प्राप्ति र पुनर्बासबाट पर्न जाने असरको न्यायोचित सुनुवाई गर्ने संयन्त्र निर्माण गर्ने ।

## १०.५ कार्यक्रम

(१) आदिवासी जनजातिको भूमि अधिग्रहण वा प्राप्ति र पुनर्बास सम्बन्धी विद्यमान कानून तथा नीति नियमहरुको अध्ययन तथा विश्लेषण र परिमार्जन ।

(२) आदिवासी जनजातिको भूमि अधिग्रहण, प्राप्ति र पुनर्बासबाट पर्न जाने असरको न्यायोचित सुनुवाई गर्ने संयन्त्र निर्माण ।

(३) भूमि अधिग्रहण, प्राप्ति र पुनर्बास सम्बन्धी अध्ययन ।

(४) विस्थापन, अधिग्रहण र प्राप्तिबाट पुग्न गएको असर तथा हानी नोक्सानीको मुआब्जा र क्षतिपूर्ति वितरण ।

(५) पुर्नस्थापना नभएका विस्थापितलाई पुर्नस्थापना र पुनर्बास ।

**कार्यान्वयन कार्ययोजना**

**पुनर्बास र पुर्नस्थापना**

| क.सं. | उद्देश्य | रणनीति | कार्यक्रम क्रियाकलापहरु | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| १ | (१) आदिवासी जनजातिको भूमिको अधिग्रहण, प्राप्ति र पुनर्बास कार्यलाई न्यायोचित बनाउनु । | (१) आदिवासी जनजातिको भूमि अधिग्रहण, प्राप्ति र पुनर्बासलाई न्यायोचित वनाउने । | आदिवासी जनजातिको भूमि अधिग्रहण, प्राप्ति र पुनर्बास सम्बन्धी विद्यमान नीति र कानूनको अध्ययन गरी संशोधन तथा नयाँ तर्जुमा । | नीति र कानूनको अध्ययन गरी संशोधन तथा नयाँ तर्जुमा भएको हुने । | ३ बर्ष | संघीय सरकार |
| | | (२) भूमि अधिग्रहण, प्राप्ति र पुनर्बासबाट पर्न जाने असरको समाधान गर्न कानूनी व्यवस्था गर्ने । | (१) भूमि अधिकरण, प्राप्ति र पुनर्बास सम्बन्धी आदिवासी जनजातिलाई पर्न जाने असरको न्यायोचित | (१) भूमि अधिग्रहण, प्राप्ति र पुनर्बासबाट पर्न जाने असरको समाधान गर्न | ३ बर्ष | (१) संघीय सरकार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सुनुवाई गर्ने संयन्त्रको व्यवस्था । | कानूनी व्यवस्था हुने । | | |
| | | | (२) भूमि अधिग्रहण, प्राप्ति र पुनर्बास सम्बन्धी अध्ययन-सर्वेक्षण । | भूमि अधिग्रहण, प्राप्ति र पुनर्बास सम्बन्धी अध्ययन-सर्वेक्षण हुने । | ३ बर्ष | संघीय सरकार |
| | | | (३) भूमि विस्थापन, अधिग्रहण र प्राप्तिमा न्यायोचित मुआब्जा र क्षतिपूर्ति वितरण । | भूमि विस्थापन, अधिग्रहण र प्राप्तिमा न्यायोचित मुआब्जा र क्षतिपूर्ति वितरण हुने । | ३ बर्ष | संघीय सरकार |
| | | | (४) पुर्नस्थापना हुन नसकेका भूमि विस्थापितहरुलाई न्यायोचित पुनर्स्थापना र पुनर्बास । | पुर्नस्थापना हुन नसकेका भूमि विस्थापितहरुलाई न्यायोचित पुनर्स्थापना र पुनर्बास हुने । | ३ बर्ष | संघीय सरकार |

## परिच्छेद ११
## स्वास्थ्य

### ११.१. विषय प्रवेश

आदिवासी जनजातिको स्वस्थ्यको अवधारणा समग्रतामा आधारित छ । जस अन्तर्गत शारीरिक, मानसिक, आध्यात्मिक र मनोवैज्ञानिक विषय पर्दछन् । जडीबुटी, जान्तब-द्रब्य तथा अन्य घरेलु औषधी उपयोग र मनोचिकित्सा लगायतका परम्परागत उपचार पद्धति क्रमिकरुपमा लोप हुन लागेको छ । राज्यबाट प्रदान गरिने आधुनिक स्वास्थ्य सेवा भौगोलिक, सांस्कृतिक र आर्थिक कारणले पहुँच बाहिर छ । भाषा र सञ्चार साधनका कारण स्वास्थ्य सूचना तथा शिक्षामा आदिवासी जनजातिको खासै सहभागिता छैन ।

### ११.२ वर्तमान स्थिति

नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भन्ने मौलिक हकको व्यवस्था छ । धारा ५१ (ज)(७) मा आदिवासी र स्थानीय समुदायको परम्परागत चिकित्सा पद्दतिको रुपमा रहेको आयुर्वेदिक ज्ञान सीप र अनुभवलाई संरक्षण र संवर्द्धन गर्ने नीति छ । जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने अधिकार हुने व्यवस्था छ । सो ऐनको दफा ४७ मा प्रदेश सरकार र स्थानीय तहले आवश्यक व्यवस्था मिलाएर लक्षित समुहहरुका लागि विशेष सामाजिक सुरक्षा कार्यक्रमहरु संचालन गर्ने व्यवस्था छ ।

यी व्यवस्थाका वावजुद पनि स्वास्थ्य सेवाबाट आदिवासी जनजाति समान हैसियतमा लाभान्वित हुन सकेका छैनन् । दुर्गम तथा विकट क्षेत्रका अधिकांस आदिवासी जनजाति समुदाय स्वास्थ्य सेवाबाट बन्चित छन् । स्वास्थ्य सम्बन्धी स्तरीय संस्थाहरु आदिवासी जनजाति वसोबास गरेको क्षेत्रमा पुग्न सकेका छैनन् ।

### ११.३ समस्या र चुनौती

१. आदिवासी जनजातिको परम्परागत स्वास्थ्य प्रणाली सम्वन्धी सरकारको स्पष्ट नीति नहुँदा परम्परागत स्वास्थ्य सेवा प्रभावकारी बन्न सकेको छैन ।
२. आदिवासी जनजातिका परम्परागत स्वास्थ्य प्रणाली र स्वास्थ्य सम्बन्धी आदिवासी ज्ञान, सीप, उपचार पद्धति लोप भएर गइरहेको छ ।
३. सरकारी तथा नीजि स्वास्थ्य सेवा आदिवासी जनजाति संस्कृतिमैत्री नभएको कारण अपेक्षित लाभ लिन सकेका छैनन् ।
४. परम्परागत स्वास्थ्य पद्धतिलाई सुदृढ नगरेको कारण सेवा सर्वसुलभ बन्न सकेको छैन ।
५. प्राथमिक स्वास्थ्य सेवा तथा निशुल्क उपलब्ध गराईने औषधी दुरुपयोग हुँदा आदिवासी जनजातिले समेत निशुल्क पाइने औषधी किनेर खान परेको छ ।
६. जटिल किसिमका रोगको उपचारको लागि दिइने सरकारी आर्थिक सहायता राजनीतिक पहुँचको दुरुपयोगको कारणले आदिवासी जनजातिले पाउन सकेका छैनन् ।
७. सरकारी स्वास्थ्य बिमा कार्यक्रमले आदिवासी जनजातिलाई समेट्न सकेको छैन ।
८. आरक्षण प्रणाली प्रभावकारी नभएकोले चिकित्सा शास्त्र अध्ययनमा आदिवासी जनजातिको उपस्थिति न्यून रहेको छ ।

**यी समस्याहरुको सही तरिकाले निराकरण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।**

### ११.४ उद्देश्यहरू

स्वास्थ्य सेवामा आदिवासी जनजातिको पहुँच अभिबृद्धि गर्ने ।

### ११.५ रणनीति

१. स्वास्थ्य क्षेत्रमा आदिवासी जनजातिको पहुँच विस्तारको लागि परम्परागत उपचार विधिलाई प्रर्बद्धन गर्ने ।
२. आदिवासी जनजातिको आधुनिक स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्ने ।
३. आदिवासी जनजातिलाई निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने ।

४ .चिकित्सा शास्त्र अध्ययनका लागि आदिवासी जनजातिलाई दिइने कोटा संख्या बढाउने र कोटा प्रणालीलाई व्यवस्थित गर्ने ।

**११.६ कार्यक्रम**

(१) आदिवासी जनजातिको परम्परागत उपचार विधिको प्रर्बद्धन ।

(२) आधुनिक स्वास्थ्य सेवामा आदिवासी जनजातिको पहुँच बृद्धि (उपचार सहयोग, स्वास्थ्य बिमा, अस्पताल स्थापना आदि) ।

(३) आदिवासी जनजातिलाई निशुल्क स्वास्थ्य सेवा ।

(४) चिकित्सा शिक्षा अध्ययन कोटा थप तथा सुव्यवस्थापन ।

**कार्यान्वयन कार्ययोजना**

**स्वास्थ्य**

| स.न. | उद्देश्य | रणनीति | कार्यक्रम/क्रियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| १ | आदिवासी जनजातिलाई स्वास्थ्य सेवा प्रत्याभूत गर्ने । | आदिवासी जनजातिलाई स्वास्थ्य सेवा सुनिश्चित गर्ने । | (१)स्वास्थ्य सेवा प्रत्याभूति कार्यक्रम ।<br>(२)परम्परागत उपचार विधिको प्रर्बद्धन । | स्वास्थ्य सेवा प्रत्याभूत हुने । | २ बर्ष | संघ, प्रदेश र स्थानीय सरकार |
| | | (२) स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्ने । | परम्परागत तथा आधुनिक स्वास्थ्य सेवामा पहुँच बृद्धि (उपचार सहयोग, स्वास्थ्य बिमा, अस्पताल स्थापना आदि) । | स्वस्थ्य सेवामा पहुँच हुने । | ५ बर्ष | संघ, प्रदेश र स्थानीय सरकार |
| | | (३) आदिवासी जनजातिलाई निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने । | निशुल्क स्वास्थ्य सेवा कार्यक्रम । | निशुल्क स्वास्थ्य सेवा उपलब्ध हुने । | ३ बर्ष | संघ, प्रदेश र स्थानीय सरकार |
| | | (४) चिकित्सा शास्त्र लगायत प्राविधिक शिक्षामा दिइने कोटा संख्या बढाउने र कोटा प्रणालीलाई आनुपातिक रुपमा ब्यवस्थित गर्ने । | समानुपातिक अध्ययन कोटा ब्यवस्थापन कार्यक्रम । | समानुपातिक अध्ययन कोटा ब्यवस्थापन भएको हुने । | २ बर्ष | संघ, प्रदेश र स्थानीय सरकार |

## परिच्छेद १२

## सामाजिक सुरक्षा

### १२.१. विषय प्रवेश

बहुआयामिक बहिष्करण न्यूनीकरण तथा आधारभूत न्यूनतम जीविका प्रदान गर्न सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरु सरकारले वि.सं.२०५१ मा वृद्ध भत्ता दिने व्यवस्थाबाट सुरुवात गरेको थियो । यस्तै ज्येष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्तिहरुलाई समेत सामाजिक सुरक्षाको व्यवस्था गरियो । गणतन्त्रको स्थापना पश्चात लोपोन्मुख तथा अल्पसंख्यक केही आदिवासी जनजाति, विपन्न परिवारका बालबालिकालाई अनुदान सहयोग, ५ बर्ष मुनिका दलित र कर्णालीका बालबालिकालाई अनुदान, छात्रबृत्ति, मातृशिशु अनुदान, विपन्न क्षेत्रका बालबालिकालाई दिवा खाजा, किताव तथा स्टेशनरी, १४ बर्ष मुनिका विपन्न बालबच्चाहरुलाई  उपचार सहयोग, असाध्य रोगको उपचारकोलागि अनुदान, कृषि क्षेत्रमा मल बीउ, औजार लगायतमा आर्थिक सहयोग प्रदान र दलित तथा अति सीमान्तकृत आदिवासी जनजातिलाई आवास सुविधा जस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरिएका छन् । तथापि यस्ता सामाजिक सुरक्षा कार्यक्रमहरु आदिवासी जनजाति समुदाय लक्षित हुन सकेका छैनन् ।

### १२.२ वर्तमान स्थिति :

संविधानको धारा ४३ मा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, एकल महिला लगायत लोपोन्मुख नागरिकलाई  कानून बमोजिमको सामाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ । सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ र १० ले लोपोन्मुख लगायतलाई सरकारले सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था गरेको छ । लोपोन्मुख जातिमा कुसुण्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेल, राजी, लेप्चा र कुसबाडिया पर्दछन् ।  कमैया, सुकुम्बासी लगायत आर्थिक सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति छ । शिक्षा, स्वस्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजाति, मधेसी, दलित लगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति संविधानमा उल्लेख छ । दलित तथा कर्णाली क्षेत्रका ६० वर्ष भन्दा माथिका वृद्धवृद्धा र लोपोन्मुख जातिका सवै उमेरका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिएको छ । यद्यपि यी कार्यक्रमहरु आदिवासी जनजातिलाई  सामाजिक रुपमा सुरक्षित बनाउन पर्याप्त देखिँदैन ।

### १२.३ समस्या र चुनौती :

(१) समग्र आदिवासी जनजातिलाई सामाजिक सुरक्षाको दायराभित्र पारिएको छैन ।
(२) आदिवासी जनजातिलाई बहिष्करण तथा सीमान्तकरणबाट मुक्त राख्न सामाजिक सुरक्षाका कार्यक्रमहरु यथेष्ट छैनन् ।
(३) शैक्षिक रुपले पछाडि परेका आदिवासी जनजातिलाई शिक्षा आर्जनमा सहयोग पुग्ने प्रभावकारी कार्यक्रम छैनन् ।
(४) अति सीमान्तकृत आदिवासी जनजातिको अवस्था अत्यन्त नाजुक भए पनि सामाजिक सुरक्षाको दायरामा ल्याइएको छैन ।
(५)आदिवासी जनजातिका कुपोषण ग्रस्त सम्पूर्ण बालबालिकाले पोषण भत्ता पाउन सकेका छैनन् ।
(६) सामाजिक सुरक्षा अन्तर्गत प्रदान गरिने जीवन निर्वाहका भत्ता अपर्याप्त छन् ।

**सामाजिक सुरक्षा सुनिश्चित गर्न यी समस्याहरु निराकरण गर्ने कार्य  चुनौतीपूर्ण रहेका छन् ।**

### १२.४ उद्देश्य

विपन्न आदिवासी जनजातिको सामाजिक सुरक्षाको हक सुनिश्चित गर्नु ।

### १२.५ रणनीति

१. सामाजिक सुरक्षाका सम्बन्धमा विपन्न आदिवासी जनजातिको विशिष्ट आवश्यकता पहिचान गर्ने ।
२. सामाजिक सुरक्षाका व्यवस्थाहरु प्रगतिशील रुपमा विपन्न आदिवासी जनजातिलाई संवोधन गर्ने ।

### १२.६ कार्यक्रम

(१) सामाजिक सुरक्षाका सम्वन्धमा विपन्न आदिवासी जनजातिको विशिष्ट आवश्यकता पहिचानको लागि अध्ययन ।
(२) सामाजिक सुरक्षाका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा सुधार तथा कार्यक्रमको विस्तार

## कार्यान्वयन कार्ययोजना
## सामाजिक सुरक्षा

| क.स. | उद्देश्य | रणनीति | कार्यक्रम र क्रियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| १ | विपन्न आदिवासी जनजातिको सामाजिक सुरक्षाको हक प्रत्याभूत गर्ने । | (१) विपन्न आदिवासी जनजातिको सामाजिक सुरक्षाको हक सुनिश्चित गर्ने । | (१) सामाजिक सुरक्षाको प्रत्याभूत गर्न विशिष्ट आवश्यकता पहिचान गर्ने । | विपन्न आदिवासी जनजातिको सामाजिक सुरक्षाको हक सुनिश्चित भएको हुने । | १ बर्ष | संघ, प्रदेश र स्थानीय सरकारका सम्बन्धित निकाय |
| | | | (२) प्रगतिशिल सामाजिक सुरक्षाका व्यवस्था विस्तार । | प्रगतिशिल सामाजिक सुरक्षाका व्यवस्था विस्तार भएको हुने । | १ बर्ष | संघ, प्रदेश र स्थानीय सरकारका सम्बन्धित निकाय |

## परिच्छेद १३

## अन्तरदेशीय सम्पर्क

### १३. १ विषय प्रवेश

आदिवासी जनजातिको परम्परागत बसोबास भएको भू-क्षेत्रलाई वर्तमान राज्य सिमानाले विभाजन गरेता पनि उनीहरुको जीविकोपार्जन र सांस्कृतिक प्रयोजनको लागि सरल रुपले परम्परागत भू-भागमा आवागमन गर्न पाउने अधिकारलाई महासन्धि नं. १६९ ले प्रत्याभूत गरेको छ । नेपालको सीमा क्षेत्रमा वस्ने आदिवासी जनजाति अन्य देशहरुमा आफ्नो सांस्कृतिक र परम्परागत क्रियाकलापहरुका लागि आवत जावत गरिआएका पाइन्छन् ।

### १३.२ वर्तमान स्थिति :

आदिवासी जनजातिको जीविकोपार्जन र सांस्कृतिक प्रयोजनको लागि सरल रूपले परम्परागत भू-भागमा सीमापार आवागमन गर्न पाउने गरी आई एल ओ महासन्धि नं. १६९ ले प्रत्याभूत गरेको अधिकारलाई व्यवहारमा उतार्नको लागि छिमेकी मुलुक भारतसँग भएका सन्धि, सम्झौता र सहमतिले केही हदसम्म सजिलो बनाएको छ। तर सीमाक्षेत्रमा आदिवासी जनजातिको निर्वाध आवागमनमा व्यवहारिक समस्याहरू देखिने गरेका छन। नेपालको उत्तर सीमामा बसोबास गर्ने आदिवासी जनजाति परम्परागत रूपमा चीनको स्वशासित क्षेत्र तिब्बत जाने आउने गरी त्यस क्षेत्रसँग आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक आदि सम्बन्ध रहेको छ। तर त्यस क्षेत्रमा निर्वाध आवागन र सम्पर्कलाई व्यवस्थित गर्न सकिएको छैन। आदिवासी जनजातिको अन्तर्देशीय सम्पर्कको विषयमा राज्यको प्रष्ट धारणा छैन ।

### १३.३ समस्या र चुनौती

(१) छिमेकी मुलुक भारततर्फ आदिवासी जनजातिको निर्वाध आवागमनमा बेलाबेलामा व्यवहारिक समस्याहरू देखिने गरेका छन् ।

(२) चीनको स्वशासित क्षेत्र तिब्बत आवागमन र सम्पर्कको ऐतिहासिक परम्परालाई व्यवस्थित गर्न सकिएको छैन ।

(३) महासन्धि नं. १६९ ले प्रत्याभूत गरेको उनीहरूको जीविकोपार्जन र सांस्कृतिक प्रयोजनका लागि सरल रूपले परम्परागत भू-भागमा आवागमन गर्न पाउने अधिकारमा समस्या देखिएका छन् ।

(४) आदिवासी जनजातिको अन्तर्देशीय सम्पर्कलाई सरल बनाउनका लागि नीतिगत तथा कानूनी व्यवस्था हुन सकेको छैन ।

### १३.४ उद्देश्य

सीमा क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजातिलाई सरल रुपमा सीमा वारपारको व्यवस्था गर्नु ।

### १३.५ रणनीति

१. नेपाल, चीन र भारतका सीमाक्षेत्रमा बसोबास गर्ने आदिवासी जनजातिको सीमा वारपारको ब्यवस्था कुटनीतिक र समुदायको स्तरबाट सहज र सरल बनाउने ।

### १३.६ कार्यक्रम

(१) सीमा क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजातिको आवतजावत सम्वन्धी समस्याको अध्ययन ।

(२) निर्वाध रुपमा सीमा वारपारको लागि कुटनीतिक पहल ।

(३) सहजरुपमा सीमा वारपारका लागि समुदाय स्तरबाट पहल ।

## कार्यान्वयन कार्ययोजना
## अन्तरदेशीय सम्पर्क

| क.सं | उद्देश्य | रणनीति | कार्यक्रम /कियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| १ | सीमा क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजातिलाई सरल रुपमा सीमा आवागमनको व्यवस्था गर्ने । | नेपाल, चीन तथा भारतका सीमाक्षेत्रमा बसोबास गर्ने आदिवासी जनजातिको सीमा आवजावतको व्यवस्था कुटनीतिक माध्यमबाट सहज बनाउने । | (१) सीमा क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजातिको सीमा आवत जावतको गर्ने समस्याको विषयमा अध्ययन गर्ने । | सीमा क्षेत्रका सीमा वारपार सम्बन्धी अध्ययन भएको हुने । | ३ वर्ष | संघ, प्रदेश र स्थानीय सरकार |
| | | | (२) निर्वाध र सरल सीमापार आवत जावतको लागि कुटनीतिक पहल । | आवत जावतका लागि कुटनीतिक पहल भएको हुने । | निरन्तर | संघीय सरकार |

## परिच्छेद १४
## आदिवासी जनजाति महिला

### ४ .१ विषय प्रवेश
### १४.१.१ आदिवासी जनजाति महिला

नेपालमा आदिवासी जनजाति महिलाका समस्याहरु अन्य महिलाका भन्दा पृथक रहेका छन् । उनीहरूका समस्यालाई दुई वटा आयामबाट हेर्न सकिन्छ । प्रथम महिला भएका आधारमा र दोस्रो आदिवासी जनजाति महिला भएका आधारमा ।

महिला भएका आधारमा अन्य महिलाहरूका झैं पितृसत्तात्मक संरचनाका कारण सिर्जित समस्याहरू छन् । आदिवासी जनजाति महिला सम्बन्धी छुट्टै कानूनी व्यवस्था छैन् । उनीहरूका सम्बन्धमा समानता वा समतामूलक दृष्टिकोणबाट नीति तथा कार्यक्रमहरू लागू गरिएका छैनन् । आदिवासी जनजाति महिलाहरूले भाषा, संस्कृतिलाई निरन्तर अभ्यास गर्दै परम्परागत ज्ञान र सीपको संरक्षण गरेका छन् । आदिवासी जनजाति महिलाहरूले परिवार तथा समाज विकास र व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् ।

### १४.१.२ बर्तमान स्थिति

प्रचलित ऐन, कानून, नीति तथा कार्यक्रममा समग्र महिलाका सवाल र समस्यालाई सम्बोधन गर्ने विषय समावेश भए तापनि विशिष्ट पहिचान भएको आदिवासी जनजाति महिलाको सवाल र समस्या संवोधन गरिएको छैन । आदिवासी जनजातिको प्रथाजन्य मूल्य-मान्यता विपरीत रहेका सामाजिक प्रचलनहरूले आदिवासी जनजाति भित्र पनि महिलालाई विभेद गरेको देखिन्छ । राज्यबाट महिलाहरूका लागि लागू गरिएका नीति तथा कार्यक्रमहरूले आदिवासी जनजाति महिलाहरूलाई प्रभावकारी रूपमा समेट्न सकेको छैन । आदिवासी जनजाति महिलाहरूको ज्ञान, सीप र कलालाई मान्यता तथा संरक्षणका लागि प्रभावकारी कानून, नीति तथा कार्यक्रमहरू बनेका छैनन् ।

### १४.१.३ समस्या तथा चुनौती

१. आदिवासी जनजाति महिलाको अस्तित्वलाई कानूनी मान्यता नदिइँदा उनीहरूको अधिकारको संरक्षण नभएको, विभेद रहेको, राज्यबाट प्रदान गरिने सेवा, स्रोत, अवसर र सुविधामा पहुँचको सुनिश्चितता हुन सकेको छैन ।

२. आदिवासी जनजाति महिला लक्षित कार्यक्रम ल्याउन नसकिएकाले उनीहरुको समग्र विकासमा बाधा पुगेको छ ।

३. संविधानको मर्म अनुरुप राज्यको प्रत्येक अंग तथा निकाय र अन्य क्षेत्रमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व भए पनि आदिवासी जनजाति महिलाको जनसंख्याको समानुपातिक समावेशी हुन सकेको छैन ।

४. आदिवासी जनजाति महिलाको समस्या र गुनासो सुन्ने छुट्टै संयन्त्र छैन ।

५. आदिवासी जनजाति महिलाहरुको परम्परागत ज्ञान, सीप र कलामा आधारित पेशा व्यवसायलाई मान्यता दिने कानून, नीति र कार्यक्रमको अभावमा उनीहरु आर्थिक-सामाजिक रुपले असुरक्षित र बेरोजगार छन् ।

**यी सम्पूर्ण समस्याहरुको निराकरण गर्नु निकै चुनौतीपूर्ण रहेको छ ।**

### १४.१.४ उद्देश्य

आदिवासी जनजाति महिलाको पहिचानलाई सम्मान गर्दै सामाजिक तथा आर्थिकरुपमा सशक्तीकरण गर्नु ।

### १४.१.५ रणनीति

(१) आदिवासी जनजाति महिलाको पहिचान, सम्मान र सुरक्षाको लागि कानून, नीति र नियममा परिमार्जन गरी राज्यको सेवा सुविधा र अवसरहरुमा उनीहरुको समान पहुँच सुनिश्चित गर्ने ।
(२) आदिवासी जनजाति महिलाको आर्थिक, समाजिक र समग्र विकासको लागि लक्षित कार्यक्रम संचालन गर्ने ।
(३) राज्यको हरेक निकायमा प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजाति महिलाको भाषिक तथा सांस्कृतिक प्रतिनिधित्व हुनेगरी समानुपातिक समावेशीकरण सुनिश्चित गर्ने ।
(४) आदिवासी जनजाति महिलाको समस्या र गुनासो सुन्ने छुट्टै संयन्त्र निर्माण गर्ने ।

### १४.१.५ कार्यक्रम

(१) राज्यबाट प्राप्त हुने सेवा सुविधाका अवसरमा आदिवासी जनजाति महिलाको समान पहुँच ।
(२) आर्थिक तथा सामाजिक क्षेत्रमा आदिवासी जनजाति महिलाको समग्र विकास ।
(३) आदिवासी जनजाति महिलाको समानुपातिक समावेशीकरण सुनिश्चित गर्न ऐन, नियम तर्जुमा तथा संशोधन ।
(४) आदिवासी जनजाति महिलाको समस्या र गुनासो सुन्ने संयन्त्र निर्माण ।

**कार्यान्वयन कार्ययोजना**
**आदिवासी जनजाति महिला**

| सि.न. | उद्देश्य | रणनीति | कार्यक्रम कियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| | आदिवासी जनजाति महिलाको पहिचानलाई सम्मान गर्दै सामाजिक तथा आर्थिक रुपमा सशक्तीकरण गर्नु | (१) आदिवासी जनजाति महिलाको विशिष्ट पहिचान, सम्मान र रक्षाको लागि राज्यको सेवा सुविधा र अवसरहरुमा उनीहरुको समान पहुँच सुनिश्चित गर्ने । | आदिवासी जनजाति महिलाको राज्यबाट प्राप्त हुने सेवा सुविधाको अवसरमा समन्यायिक बनाउन नीति र कानून संशोधन तथा तर्जुमा । | आदिवासी जनजाति महिलाको सामाजिक तथा आर्थिक सशक्तीकरण हुने । | ३ वर्ष | संघ, प्रदेश र स्थानीय सरकार |
| | | (२) आदिवासी जनजाति महिलाको आर्थिक, सामाजिक तथा समग्र विकास गर्ने । | आदिवासी जनजाति महिलाको आर्थिक, सामाजिक तथा समग्र विकासको विशेष कार्यक्रम । | आदिवासी जनजाति महिलाहरुको सशक्तीकरण तथा समग्र विकास भएको हुने । | ५ वर्ष | संघ, प्रदेश र स्थानीय सरकार |
| | | (३) राज्यको हरेक निकायमा आदिवासी जनजाति महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने । | आदिवासी जनजाति महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न कानून संशोधन तथा तर्जुमा । | राज्यको हरेक निकायमा आदिवासी जनजाति महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित भएको हुने | ३ वर्ष | संघ, प्रदेश र स्थानीय सरकार |

## परिच्छेद १५

## आदिवासी जनजाति बालबालिका

### १५.१ विषय प्रवेश

आदिवासी जनजाति बालबालिका अन्य बालबालिका झैं सम्पूर्ण हक अधिकारका समान भागिदार रहेता पनि उनीहरुका केही पृथक अधिकार पनि रहेका हुन्छन् । मातृभाषामा शिक्षा पाउने, सांस्कृतिक कुराहरू अवलम्बन गर्न पाउने अधिकारजस्ता आदिवासी जनजाति बालबालिकाका अधिकारहरू प्रत्याभूत गर्न नेपालले बालअधिकार सम्बन्धी महासन्धि-१९८९ अनुमोदन गरी प्रतिबद्धता जनाइसकेको छ ।

### १५.२ वर्तमान स्थिति

आदिवासी जनजाति बालबालिकाका लागि छात्रवृत्ति कार्यक्रम लागू गरेको छ । सिद्धान्ततः आदिवासी जनजाति बालबालिका लक्षित कार्यक्रम ल्याउने विषयको सुरुवात भइसके तापनि शिक्षा तथा स्वास्थ क्षेत्रमा उनीहरुको पछौटेपन सम्बोधन गर्न यथेष्ट प्रयास भएको देखिदैन ।

### १५.३ समस्या र चुनौती

१. आदिवासी जनजाति बालबालिकाको सर्वाङ्गिण विकासका लागि विशेष कार्यक्रम छैन ।
२. आदिवासी जनजातिको परम्परा, ज्ञान, संस्कृति,भाषा, धर्म, रीतिथिति र परम्परागत सम्पदाको पुस्तान्तरण तथा सामाजिकीकरण गर्ने पर्याप्त व्यवस्था छैन ।
३. आदिवासी जनजाति बालबालिकालाई निजी तथा सार्वजनिक स्थलमा गरिने विभेद, शारीरिक-मानसिक शोषण, बहिष्करण, सीमान्तीकरण र जबरजस्ति काममा लगाउने परिपाटी विद्यमान छ ।
४. विपन्न आदिवासी जनजाति बालबालिकामा कुपोषण र रोगका कारणले बाल मृत्युदर उच्च छ ।

यी सम्पूर्ण समस्याको निराकरण गर्ने विषय जटिल र चुनौतीपूर्ण छ ।

### १५.४ उद्देश्य

आदिवासी जनजाति बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासको वातावरण सुनिश्चित गर्नु ।

### १५.५ रणनीति

(१) आदिवासी जनजाति बालबालिका लक्षित शारीरिक, मानसिक, सामाजिक विकासका लागि विभेद र दुर्व्यवहार अन्त्य गर्न कानूनी तथा नीतिगत सुधार गर्ने ।
(२) आदिवासी बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासका लागि विशेष कार्यक्रम ल्याउने ।
(३) जोखिममा रहेका बालबालिका (अनाथ, असहाय, प्राकृतिक प्रकोप पीडित, हिंसा तथा शोषणमा परेका, बेचविखनमा परेका, पारिवारिक विग्रहमा परेका, कुलत र अपराधमा फसाईएका, कारागारमा रहेका बालबालिका लगायत) को संरक्षण र पुर्नस्थापनाको लागि द्रुत सेवा (Rapid Response) सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

### १५.६ कार्यक्रम

(१) आदिवासी जनजाति बालबालिका माथि हुने विभेद र दुर्व्यवहार सम्बन्धी अध्ययन र ऐन कानूनको तर्जुमा ।
(२) आदिवासी जनजाति बालबालिका लक्षित शारीरिक, मानसिक, सामाजिक विकासका लागि विशेष कार्यक्रम तर्जुमा र संरक्षण ।
(३) जोखिममा रहेका बालबालिकाको संरक्षण र पुर्नस्थापनाको लागि द्रुत सेवा (Rapid Response) कार्यक्रम कार्यान्वयन ।
(४) अपांगता भएका आदिवासी जनजाति बालबालिका सचेतना र सशक्तीकरण ।

## कार्यान्वयन कार्ययोजना
## आदिवासी जनजाति बालबालिका

| सि.न. | उद्देश्य | रणनीति | कार्यक्रम /क्रियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| १ | आदिवासी जनजाति बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासको वातावरण सुनिश्चित गर्ने । | (१) आदिवासी जनजाति बालबालिको शारीरिक, मानसिक, सामाजिक विकासका लागि विभेद र दुर्व्यवहार अन्त्य गर्ने । | (१) आदिवासी जनजाति बालबालिका उपर हुने विभेद र दुर्व्यवहार सम्बन्धी अध्ययन ।<br>(२) आदिवासी जनजाति बालबालिका उपर हुने विभेद र दुर्व्यवहार अन्त्य गर्न कानूनको संशोधन तथा तर्जुमा । | (१) आदिवासी जनजाति बालबालिका उपर हुने विभेद र दुर्व्यवहार अध्ययन भएको हुने ।<br>(२) आदिवासी जनजाति बालिका उपर हुने विभेद र दुर्व्यवहार अन्त्य गर्न कानूनी व्यवस्था हुने । | ३ वर्ष | (१) संघ, प्रदेश र स्थानीय सरकार |
| | | (२) आदिवासी जनजाति बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकास गर्ने । | आदिवासी जनजाति बालबालिकाको शारीरिक, मानसिक, सामाजिक विकासको लागि विशेष कार्यक्रम । | आदिवासी जनजाति बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकास भएको हुने | ३ वर्ष | संघ, प्रदेश र स्थानीय सरकार |
| | | (३) जोखिममा रहेका बालबालिकाको संरक्षण र पुर्नस्थापनाको लागि द्रुत सेवाको व्यवस्था गर्ने । | अनाथ, असहाय, प्राकृतिक प्रकोप पीडित, हिंसा तथा शोषण, बेचबिखन, पारिवारिक विग्रह, कुलत, अपराधमा फसाईएका र कारागारमा रहेका बालबालिकाको संरक्षण र पुर्नस्थापनाको लागि द्रुत सेवा संचालन । | जोखिममा रहेका बालबालिकाको संरक्षण र पुर्नस्थापनाको लागि द्रुत सेवाको व्यवस्था भएको हुने । | ५ वर्ष | संघ, प्रदेश र स्थानीय सरकार |

## परिच्छेद १६
## अपाङ्गता भएका आदिवासी जनजाति

### १६.१ विषय प्रवेश

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वमा १० देखि १५ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । सोही आधारमा नेपालका अपाङ्गता सम्वन्धी संघ संस्थाले पनि १० देखि १५ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेको मानेका छन् । यसै पृष्ठभूमिमा नेपाल आदिवासी जनजाति अपाङ्ग संघले गरेको जिल्लागत सर्भेक्षणको आधारमा ११ देखि १२ लाखको हाराहारीमा आदिवासी जनजाति अपाङ्गता भएका व्यक्ति रहेका देखिन्छन् । आदिवासी जनजाति अपाङ्गता भएका महिला तथा बालबालिकाको पनि त्यहि अनुपातमा संख्या रहेको मान्न सकिन्छ । यद्यपि, सरकारसँग अपाङ्गता भएका व्यक्तिहरुको जातिगत तथा उमेरगत खण्डीकृत तथ्यांक छैन । अपाङ्गता भएका आदिवासी जनजाति व्यक्तिहरुले बहुपक्षीय विभेद भोग्दै आएका छन् । अपाङ्गता भएका आदिवासी जनजाति महिलाले झन बढी विभेद, बहिष्करण र न्याय बाट बञ्चित रहेका छन् । राज्यबाट प्रदान गरिने सेवा सुविधाहरुमा उनीहरुको पहुँच न्यून छ । राज्यका अंग तथा निकायमा उनीहरुको समावेशी प्रतिनिधित्व नगन्य छ ।

### १६.२ वर्तमान स्थिति

नेपालको संविधानको धारा १८ मा अपाङ्गता भएको आधारमा विभेद नगरिने मौलिक हक प्रत्याभूत गरेको छ । अपांगता भएका व्यक्तिहरुको लागि सकरात्मक विभेदका उपायबाट समानता कायम गर्ने उल्लेख छ । धारा ४२ ले राज्यका निकायमा समावेशी सिद्धान्तको आधारमा सहभागिता हुन पाउने सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ । धारा ४३ मा सामाजिक सुरक्षाको हकको प्रत्याभूत गरिएको छ । यी संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ जारी भएको छ । सो ऐनको उद्देश्य अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्ने तथा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण गरी नीति, नियम र विकास निर्माणमा सहभागि गराउने, स्वावलम्बी र सम्मानजनक जीवन यापन गराउने व्यवस्था छ । यस ऐनमा आदिवासी जनजाति अपाङ्गता भएका व्यक्तिहरुको पहिचान र अस्तित्वको बारेमा स्पष्ट छैन । संविधानले प्रत्याभूत गरेको हक तथा राज्यबाट प्राप्त हुने सेवा सुविधाको अवसरबाट प्रत्यक्षरुपमा आदिवासी जनजाति अपाङ्गता भएका व्यक्तिहरु बन्चित देखिन्छन् । नेपालले २००८ मा अपांगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (सी.आर.पी.डि.) लाई अनुमोदन गरी पक्ष राष्ट्र बनेको छ । यस महासन्धिमा जाति, लिंग, धर्म, उत्पत्ति इत्यादीको आधारमा विभेद गर्न नमिल्ने व्यवस्था छ ।

### १६.३ समस्या र चुनौती

(१) अपाङ्गता भएका आदिवासी जनजातिको पहिचान, अस्तित्व र अधिकारलाई कानूनी र नीतिगत रुपमा मान्यता नदिएको कारणले संविधान र कानूनद्वारा प्रदत्त हक अधिकार समान हैसियतमा उपभोग गर्न नपाएको हुँदा राज्यबाट प्रदान गरिने सेवा, सुविधा, अवसर र स्रोतबाट बञ्चित भएको ।

(२) अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट अपाङ्गता भएका आदिवासी जनजातिको अधिकार सरकारले आत्मसात गर्न नसकेको ।

(३) राज्यको हरेक अंग तथा निकायमा अपाङ्गता भएका आदिवासी जनजातिको जातीय जनसंख्याको आधारमा समानुपातिक सहभागिता नरहेको ।

(४) अपाङ्गता भएका आदिवासी जनजातिका समस्या र गुनासोलाई सम्बोधन गर्ने तथा राज्यको सेवा, सुविधा र अवसर उपलब्ध गराउने संयन्त्र नभएको ।

(५) राज्यको नीति, नियम, विकास निर्माण र स्रोत साधन विनियोजन लगायतको निर्णय गर्ने तहमा अपाङ्गता भएका आदिवासी जनजातिको अर्थपूर्ण परामर्श, प्रतिनिधित्व र अग्रिम सुसूचित स्वतन्त्र मञ्जुरीको व्यवस्था नभएको ।

(६) प्राकृतिक प्रकोप र द्वन्द्वलगायत आपतकालिन अवस्थामा द्रुतरुपमा उद्दार तथा पुर्नस्थापना गर्ने सेवा (Rapid Response, Protection and Rehabilitation Service For Indigenous Peoples with Disablitities (2RPR Service for IPDP) को व्यवस्था नभएको ।

यी समस्याको समधान गरी अपाङ्गता भएका आदिवासी जनजातिको समृद्धि, सुरक्षा र सम्मान सुनिश्चित गर्नु चुनौतीपूर्ण छ ।

**१६.४ उद्देश्य**

अपाङ्गता भएका आदिवासी जनजातिको पहिचानलाई कानूनी मान्यता दिई उनीहरुको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विकास तथा सुरक्षित, सम्मानित र पहिचानसहितको समृद्ध जीवन बनाउनु ।

**१६.५ रणनीति**

(१) अपाङ्गता भएका आदिवासी जनजातिको पहिचान गरी कानूनी तथा नीतिगत रुपमा मान्यता दिई उनीहरुको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विकास तथा सुरक्षित, सम्मानित र पहिचान सहितको समृद्ध जीवन बनाउने ।

(२) अपाङ्गता भएका आदिवासी जनजाति सम्बन्धी संविधान, कानून र अन्तर्राष्ट्रिय कानूनका प्रावधान अनुरुपको हक अधिकार, तथा राज्यबाट प्राप्त सेवा, सुविधा र अवसरको उपभोग गर्न पाउने वातावरण सिर्जना गर्ने ।

**१६. ६ कार्यक्रम तथा क्रियाकलाप**

(१) अपाङ्गता भएका आदिवासी जनजातिको पहिचान, अवस्था लगायतका विषयहरु खुल्ने खण्डीकृत तथ्यांक तयार र उनीहरुको स्थिति, समस्या, सवाल आदिको अध्ययन सर्वेक्षण ।

(२) अपाङ्गता भएका आदिवासी जनजाति सम्बन्धी कानून, अन्तर्राष्ट्रिय कानून र प्रचलनको अध्ययन तथा आवश्यक कानूनमा परिमार्जन ।

(३) अपाङ्गता भएका आदिवासी जनजातिलाई राज्यको हरेक अंग तथा निकायमा समानुपातिक सहभागिता कार्यान्वयन ।

(४) अपाङ्गता भएका आदिवासी जनजातिका ज्येष्ठ नागरिक, पुरुष, महिला, बालबालिका र जोखिममा रहेकाको लक्षित कार्यक्रम ।

(५) प्राकृतिक प्रकोप र द्वन्द्वलगायत आपतकालिन अवस्थामा द्रुतरुपमा उद्दार तथा पुर्नस्थापना गर्ने ।

(६) अपाङ्गता भएका आदिवासी जनजातिको कानून, नीति निर्माण, विकास निर्माण, बजेट विनियोजनको निर्णय, स्रोत साधन वितरणको निर्णयमा परामर्श तथा प्रतिनिधित्व ।

(७) अपाङ्गता भएका आदिवासी जनजातिलाई प्रभावित पार्ने र सरोकार राख्ने निर्णयहरुमा उनीहरुले स्वतन्त्ररुपमा चयन गरेका प्रतिनिधि मार्फत अग्रिम सुसूचित मन्जुरीको व्यवस्था ।

**कार्यान्वयन कार्ययोजना**
**अपांगता भएका आदिवासी जनजाति**

| क.स | उद्देश्य | रणनीति | कार्यक्रम /कियाकलाप | सूचक | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| १ | अपांगता भएका आदिवासी जनजातिको पहिचान र सम्मानलाई प्रत्याभूत गर्ने । | (१) अपांगता भएका आदिवासी जनजातिको पहिचान गरी नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विकास तथा सुरक्षित र समृद्ध जीवन सुनिश्चित गर्ने । | (१) अपांगता भएका आदिवासी जनजातिको पहिचान खुल्ने खण्डीकृत तथ्यांक र अवस्थाको अध्ययन सर्वेक्षण ।<br>(२) अपांगता भएका आदिवासी जनजाति सम्बन्धी प्रचलित कानून र अन्तर्राष्ट्रिय कानून तथा प्रचलनको अध्ययन र परिमार्जन ।<br>(३) अपांगता भएका आदिवासी जनजाति ज्येष्ठ नागरिक र बालबालिका लक्षित कार्यक्रम ।<br>(४) प्राकृतिक प्रकोप, विपत्ति, महामारी, द्वन्द पिडीत व्यक्तिहरुलाई मानवोचित विशेष सेवा कार्यकम । | (१) स्थिति सम्बन्धी खण्डीकृत तथ्यांक सहितको अध्ययन हुने ।<br>(२) पहिचानको मान्यता र उनीहरुको हक अधिकार, सुरक्षा र विकास सुनिश्चित भएको हुने ।<br>(३) अपांगता भएका आदिवासी जनजाति ज्येष्ठ नागरिक र बालबालिका लक्षित कार्यक्रम संचालन भएको हुने ।<br>(४) प्राकृतिक प्रकोप, विपत्ति, महामारी, द्वन्द पिडीत व्यक्तिहरुलाई मानवोचित विशेष सेवा कार्यकम संचालन भएको हुने । | २ वर्ष | संघ, प्रदेश, स्थानीय सरकार |
| | | (२) संविधान, कानून र अपांगता भएका आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय कानूनका प्रावधान अनुरुपको हक अधिकार, तथा राज्यबाट प्राप्त सेवा, सुविधा र अवसरको उपभोगको सुनिश्चितता गर्ने । | (१) अपांगता भएका आदिवासी जनजातिको राज्यको हरेक निकायमा विशेष सहभागिताका लागि क्षमता विकास कार्यकम ।<br>(२) अपांगता भएका अदिवासी जनजातिको क्षमता विकास, सशक्तीकरण र रोजगार कार्यकम । | (१) अपांगता भएका आदिवासी जनजातिको राज्यको हरेक निकायमा विशेष सहभागिता भएको हुने ।<br>(२) क्षमता विकास, सशक्तीकरण र रोजगार कार्यक्रम संचालन भएको हुने । | ३ वर्ष | संघ, प्रदेश, स्थानीय सरकार |

## परिच्छेद १७

## कार्ययोजना कार्यान्वयन संयन्त्र

### १७. १ समन्वय, सहजीकरण तथा कार्यादेश

आदिवासी जनजाति संग सम्बन्धी दिगो विकास लक्ष्य, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ लगाएतका नेपाल पक्ष भएका सन्धिसंझौताको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्नका लागि आवश्यक संयन्त्र संघीय, प्रदेश र स्थानीय तहमा स्थापना गरिनेछ ।

### १७.२ संघीय तहको कार्यादेश र संयन्त्र

- सरकारका तीनै तह (संघ, प्रदेश र स्थानीय) मा दिगो विकास लक्ष्य तथा अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ लगायत आदिवासी जनजातिको मानव अधिकार तथा आधारभूत स्वतन्त्रता र यी कानूनहरुले निदृष्ट गरेका कार्यहरुको कार्यान्वयन गर्न समन्वय, साझेदारी, सहजीकरण र आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने गराउने ।
- आदिवासी जनजातिलाई प्रभाव पार्ने अथवा उनीहरुसँग सरोकार राख्ने नीति निर्माण र निर्णय प्रकियामा उनीहरुको परम्परागत संस्था मार्फत परामर्श, अग्रिम सुसूचित स्वतन्त्र सहमति कायम गर्न समन्वय र सहजीकरण गर्ने ।
- आदिवासी जनजातिलाई प्रभाव पार्ने अथवा उनीहरुसँग सरोकार राख्ने बिकास निर्माण, परियोजना संचालन वा अन्य गतिविधि गर्दा अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ तथा आदिवासी अधिकार तथा विकास सम्बन्धित नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धि-संझौता पालना गर्न गराउन समन्वय र सहजीकरण गर्ने ।
- यी अन्तर्राष्ट्रिय सन्धि-संझौताको कार्यान्वयनको अनुगमन तथा मूल्यांकन लगायतका कार्य आदिवासी जनजाति आयोग, राष्ट्रिय मानव अधिकार आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, आदिवासी जनजातिका संघ संस्थाहरुसँगको सहकार्यमा गर्ने र आवधिक प्रतिवेदन पेश गर्ने कार्यमा सम्बन्धित संघीय मन्त्रालयहरुलाई सहजीकरण तथा सहयोग गर्ने ।

#### १७.२.१ संयन्त्रको गठन

यस कार्ययोजना कार्यान्वयन संयन्त्रमा निम्नानुसारका सदस्यहरु रहनेछन् । संयन्त्रको सचिवालय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहनेछ ।

| | |
|---|---|
| माननीय मन्त्री,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | – संयोजक |
| माननीय अध्यक्ष, आदिवासी जनजाति आयोग | – सह संयोजक |
| माननीय अध्यक्ष, थारु आयोग | – सह संयोजक |
| उपाध्यक्ष, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | – सह संयोजक |
| सहसचिव स्तरीय प्रतिनिधि, अर्थ मन्त्रालय | – सदस्य |
| सहसचिव स्तरीय प्रतिनिधि, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | – सदस्य |
| सहसचिव स्तरीय प्रतिनिधि, गृह | – सदस्य |
| सहसचिव स्तरीय प्रतिनिधि,संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय | – सदस्य |
| सहसचिव स्तरीय प्रतिनिधि, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय | – सदस्य |
| सहसचिव स्तरीय प्रतिनिधि, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | – सदस्य |
| सहसचिव स्तरीय प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | – सदस्य |
| सहसचिव स्तरीय प्रतिनिधि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | – सदस्य |
| सहसचिव स्तरीय प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय | – सदस्य |
| सहसचिव स्तरीय प्रतिनिधि, राष्ट्रिय योजना आयोग | – सदस्य |
| अध्यक्ष, आदिवासी जनजाति महासंघ | – सदस्य |
| अन्तर्राष्ट्रिय सन्धि-संझौता विषयविज्ञ एकजना विज्ञ | – सदस्य |

(आदिवासी जनजाति आयोगको सिफारिसमा संयोजकबाट मनोनित)

### १७.३ प्रदेश तहको कार्यादेश र संयन्त्र

- प्रदेश तहमा दिगो विकास लक्ष्य तथा अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ लगायत आदिवासी जनजातिहरुको मानव अधिकार तथा आधारभूत स्वतन्त्रता र यी कानूनहरुले निर्दिष्ट गरेका कार्यहरुको कार्यान्वयन गर्न समन्वय, साझेदारी, सहजीकरण र आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने गराउने ।
- आदिवासी जनजातिलाई प्रभाव पार्ने अथवा उनीहरुसँग सरोकार राख्ने नीति निर्माण र निर्णय प्रकियामा उनीहरुको परम्परागत संस्था मार्फत परामर्श, अग्रिम सुसूचित स्वतन्त्र सहमति कायम गर्न समन्वय र सहजीकरण गर्ने ।
- आदिवासी जनजातिलाई प्रभाव पार्ने अथवा उनीहरुसँग सरोकार राख्ने बिकास निर्माण, परियोजना संचालन वा अन्य गतिविधि गर्दा अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ तथा आदिवासी अधिकार तथा विकास सम्बन्धित नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धि सम्झौता पालना गर्न गराउन समन्वय र सहजीकरण गर्ने ।
- यी अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयनको अनुगमन तथा मूल्यांकन लगायतका कार्य आदिवासी जनजाति आयोग, राष्ट्रिय मानव अधिकार आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, आदिवासी जनजातिका संघ संस्थाहरुसँगको सहकार्यमा गर्ने र आवधिक प्रतिवेदन पेश गर्ने कार्यमा सम्बन्धित प्रदेश तहका मन्त्रालयहरुलाई सहजीकरण तथा सहयोग गर्ने ।
- संघीय तहको संयन्त्रसंग समन्वय, सहकार्य र माग भएको अवस्थामा सहयोग पुर्‍याउने ।

#### १७.३.१ संयन्त्रको गठन

| | |
|---|---|
| माननीय मन्त्री, सामाजिक विकास मन्त्रालय | संयोजक |
| उपाध्यक्ष, प्रदेश योजना आयोग | सदस्य |
| सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| सचिव, भूमि ब्यवस्था तथा कृषि, सहकारी मन्त्रालय | सदस्य |
| सचिव, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय | सदस्य |
| सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| अध्यक्ष, प्रदेश, आदिवासी जनजाति महासंघ | सदस्य |
| अन्तर्राष्ट्रिय सन्धि सम्झौता विषयविज्ञ एकजना विज्ञ (आदिवासी जनजाति आयोगको सिफारिसमा संयोजकबाट मनोनित) | सदस्य |

### १७.४ स्थानीय तहको कार्यादेश र संयन्त्र

- स्थानीय तहमा निर्माण गरिने कानून, नीति, योजना तथा कार्यक्रमहरुमा नेपाल पक्ष भएका सन्धि सम्झौताको कार्ययोजना कार्यान्वयन गर्न गराउन सहजीकरण तथा आवश्यक सहयोग पुर्‍याउने ।
- आदिवासी जनजातिलाई प्रभाव पार्ने अथवा उनीहरुसँग सरोकार राख्ने नीति निर्माण र निर्णय प्रकियामा उनीहरुको परम्परागत संस्था मार्फत परामर्श, अग्रिम सुसूचित स्वतन्त्र सहमति कायम गर्न समन्वय र सहजीकरण गर्ने ।
- आदिवासी जनजातिको प्रथाजनित न्याय प्रणालीको विकास तथा क्षमता अभिबृद्धिको लागि आर्थिक र प्राविधिक सहयोग गरी समुदायमा न्यायको पहुँच सुनिश्चित गर्ने । स्थानीय तहको न्यायिक समितिले मुद्दा मामिला मिलाउने सन्दर्भमा आदिवासी जनजातिको परम्परागत संघ संस्थाको भूमिका र योगदान प्राप्त गर्न आवश्यक सहजीकरण गर्ने ।

#### १७.४.१ संयन्त्रको गठन

| | |
|---|---|
| प्रमुख/अध्यक्ष पालिका | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत, पालिका | सदस्य सचिव |
| वडाध्यक्ष, सबै | सदस्य |
| अध्यक्ष, स्थानीय आदिवासी जनजाति महासंघ | सदस्य |

### १७.५ आदिवासी जनजाति आयोग र थारु आयोगद्वारा संयुक्त कार्ययोजना अनुगमन संयन्त्र निर्माण ।

**१७.६ नेपाल पक्ष भएका** सन्धि सम्झौता**को कार्ययोजना कार्यान्वयन राष्ट्रिय कार्य योजना कार्यान्वयनका लागि आर्थिक व्यवस्था :**

१) यस कार्ययोजना कार्यान्वयनको लागि संघीय, प्रदेश र स्थानीय तहले बजेट विनियोजन गर्नेछन् ।

२) यस कार्यायोजना कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय दातृनिकाय तथा संघ संस्थाबाट आर्थिक, भौतिक तथा प्राविधिक सहयोग लिन सकिनेछ ।

३) कार्यायोजना कार्यान्वयन गर्न गैरसरकारी संघ संस्था, निजी तथा व्यवसायिक प्रतिष्ठानहरुबाट समेत आर्थिक तथा प्राविधिक सहयोग लिन सकिनेछ ।